# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ अंक २१३ काठमाडौं आइतबार, १८ मंसिर २०७९ Prabhab National Daily Sunday, December 4, 2022 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


## राष्ट्रिय पार्टी बन्ने संघर्षमा एकीकृत समाजवादी

प्रत्यक्षतर्फ १० सिट जिते पनि समानुपातिकमा थ्रेसहोल्ड कटाउन नसक्दा एकीकृत समाजवादी राष्ट्रिय पार्टी नबन्ने सम्भावना बढेको छ । अहिलेकै अनुपातमा पाउने मतबाट उसले राष्ट्रिय पार्टी बन्न पाउने छैन ।



■ प्रभाव संवाददाता

**काठमाडौं–** यही ४ मंसिरमा सम्पन्न आमनिर्वाचनमा नेकपा एकीकृत समाजवादी पार्टीले प्रत्यक्षतर्फ १० स्थानमा जित हात पाऱ्यो । प्रतिनिधिसभातर्फ २० स्थानमा उम्मेदवारी दिएको उसले आधामा सफलता हात पारेको हो । यो नतिजालाई एकीकृत समाजवादीले स्वाभाविकरूपमा लिएको छ ।

तर, समानुपातिकतर्फ 'थ्रेसहोल्ड' कटाउन कठिन संघर्ष गरिरहेको छ । प्रत्यक्षतर्फ १० सिट जिते पनि समानुपातिकमा थ्रेसहोल्ड कटाउन नसक्दा एकीकृत समाजवादी राष्ट्रिय पार्टी नबन्ने सम्भावना बढेको छ । समाचार तयार पार्दासम्म समानुपातिकतर्फको मतगणनामा कूल एक करोड चार लाख २० हजार १९५ मत सदर हुँदा एकीकृत समाजवादीले दुई लाख ९४ हजार ३६२ मत प्राप्त गरेको छ । जुन कूल सदर मतको २.८२ प्रतिशत मात्र हो । थ्रेस होल्ड कटाउन तीन प्रतिशत पुग्नुपर्छ ।

अब केही लाख मत मात्र गन्न बाँकी रहँदा एकीकृत समाजवादीलाई थ्रेस होल्ड कटाउन चुनौती हुने (**बाँकी पृष्ठ ५ मा**)

## स्याङ्जा–२ मा गुरुङ विजयी

**काठमाडौं (प्रस)–** स्याङ्जा-२ बाट प्रतिनिधिसभा सदस्यमा कांग्रेसका उम्मेदवार धनराज गुरुङ निर्वाचित भएका छन् । शनिबार साँझ सम्पन्न मतगणनापछि गुरुङ पाँच हजार ६२७ मतान्तरसहित विजयी भएको निर्वाचन अधिकृत रामचन्द्र शर्माले जानकारी दिए ।

कांग्रेस केन्द्रीय उपसभापतिसमेत रहेका गुरुङले ३१ हजार ४६६ मत प्राप्त गरेका छन् । उनका प्रतिस्पर्धी नेकपा एमालेकी उम्मेदवार पद्माकुमारी अर्यालले २५ हजार ८३९ मत प्राप्त गरेकी छन् । यसअघि २०७४ को प्रतिनिधिसभा निर्वाचनमा अर्याल यसै क्षेत्रबाट निर्वाचित भएकी थिइन् । राष्ट्रिय स्वतन्त्र पार्टीका टिकराज गुरुङले आठ हजार ११३ मत प्राप्त गरेका छन् ।

प्रदेशसभातर्फ पनि दुवै क्षेत्रमा कांग्रेसका उम्मेदवार विजयी भएका छन् । स्याङ्जा-२ (२) मा नेपाली कांग्रेसका उम्मेदवार महेश भट्टराई विजयी भएका छन् । भट्टराईले १८ हजार ७८८ मत प्राप्त गर्दा एमाले उम्मेदवार बुद्धिमान श्रेष्ठले १७ हजार दुई मत प्राप्त गरेका छन् । उनी एक हजार ७८६ मतान्तर विजयी भएका हुन् । स्याङ्जा-२ (१)को नतिजा यसअघि नै आइसकेको छ, जहाँ कांग्रेसका भोजराज अर्याल विजयी भएका छन् ।

# 'धरमर'मा सत्ता गठबन्धन

● सरकार गठनका सबै विकल्प माओवादीले खुला गऱ्यो ● वर्तमान सत्ता गठबन्धनकै सरकार बन्ने अनिश्चित

■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्तारूढ दल नेकपा माओवादी केन्द्रले सरकार गठनका विकल्पहरू खुला गरेको छ । गठबन्धनबाटै सरकार गठन गर्नुपर्छ भन्ने अडानबाट पछि हट्दै माओवादीले गठबन्धनबाहिरका शक्तिहरूसँग पनि मिलेर सरकार गठन गर्न सक्नेगरी विकल्पहरू खुला गरेको हो ।

वामपन्थी शक्तिहरू मिलेर सत्ता समीकरण निर्माण गर्ने चर्चाबीच माओवादीको यस्तो निर्णय आउनुलाई अर्थपूर्ण रूपमा हेरिएको छ । यद्यपि, गठबन्धन भने नछाड्ने माओवादीले जनाएको छ ।

'अहिले जुन गठबन्धन छ, त्यो छोड्ने निर्णय होइन तर अन्य विकल्पहरू पनि खुला छन्,' माओवादी उपाध्यक्ष कृष्णबहादुर महराले पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको बैठकपछि भने, 'यो भनेको पुरानो गठबन्धन छोड्ने निर्णय भएको होइन । तर अरु सबै अप्सनमा पनि हामी खुला छौं ।'

चुनावी परिणाम समीक्षा गर्न बसेको पदाधिकारी बैठकले सरकार गठनका सबै विकल्पहरू खुला गरेपछि वर्तमान सत्ता गठबन्धन भत्किने र नयाँ गठबन्धन बन्नसक्ने संकेत गरेको छ । यदि, सत्ता गठबन्धनबाटै सरकार बनाउने माओवादीको दृढ संकल्पित भएको हुन्थ्यो भने सरकार गठनका विकल्पहरू खुला गर्ने निर्णय गर्ने थिएन ।

सत्ता नेतृत्व दल नेपाली कांग्रेसका एक नेताले भने माओवादीको यो निर्णयलाई नयाँ सरकार गठन हुँदा पहिलो चरणमै प्रधानमन्त्री भएर सत्ताको नेतृत्व गर्ने रणनीतिका साथ आएको हुन सक्ने बताए । ती नेता माओवादीको यो निर्णयलाई अस्वाभाविक पनि ठान्दैनन् । 'अहिलेको गठबन्धन बनाउन माओवादी




माओवादी केन्द्रको केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको पदाधिकारी बैठक । *तस्बिर: सामाजिक सञ्जाल*

अध्यक्ष पुष्पकमल दाहालजीको कम योगदान छैन । चुनाव पनि सँगै हामी लड्यौं । यसले गर्दा अब बन्ने नयाँ सरकारको नेतृत्व सुरुमा मैले पाउनुपर्छ भन्ने लाइनबाट उहाँको दलले यस्तो निर्णय गरेको हुनुपर्छ । यो स्वाभाविक पनि हो,' ती नेताले भने ।

माओवादीको निर्णयले सत्ता गठबन्धनकै सरकार बन्नेमा शंका पैदा भएको छ । उसै त गठबन्धन दलहरूको स्पष्ट बहुमत नपुग्ने स्थिति छ । यहीबेला प्रधानमन्त्री शेरबहादुर देउवाले जनमत पार्टीका अध्यक्ष डा. सिके राउतसँग सत्ता समीकरणमा सहभागी हुन आग्रह गरेका छन् । गठबन्धन सरकारलाई टिकाउने प्रयास देउवाबाट भइरहँदा दाहालले अलग हुने संकेत गरेका हुन् ।

यदि, दाहाल नेतृत्वको दल माओवादी अलग भएको अवस्थामा गठबन्धनको सरकार बन्दैन । बनाउनै परे पनि थुप्रै साना दल र स्वतन्त्र सांसदहरूको सहयोग लिनुपर्ने अवस्था आउन सक्छ । किनभने

> अहिले जुन गठबन्धन छ, त्यो छोड्ने निर्णय होइन तर अन्य विकल्पहरु पनि खुला राख्ने निर्णय भएको हो ।
>
> ■ **कृष्णबहादुर महरा**
> उपाध्यक्ष, माओवादी केन्द्र

प्रतिनिधिसभातर्फको १६५ मध्ये १६२ स्थानको अन्तिम परिणाम आइसक्दा कांग्रेसले ५५ सिट जितेको छ । एमालेले ४४ र माओवादीले १७ सिट जितेका छन् । नेकपा एकीकृत समाजवादीले १०, जनता समाजवादी पार्टी (जसपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र राष्ट्रिय स्वतन्त्र पार्टीले सात-सात सिट जितेका छन् ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले चार, नागरिक उन्मुक्ति पार्टीले तीन (थप एक स्वतन्त्र पनि), नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमोर्चाले एक-एक तथा पाँच जना स्वतन्त्रले जितेका छन् ।

समानुपातिकतर्फको अन्तिम परिणाम आउन बाँकी छ । तर, पनि सात दलले थ्रेस होल्ड पार गरिसेका छन् । सबैभन्दा बढी एमालेले ३४, कांग्रेसले ३२, माओवादी केन्द्रले १५, राष्ट्रिय स्वतन्त्र पार्टीले १४, राप्रपाले सात, जसपा र जनमतले चार-चार सिट पाउने सम्भावना छ । यद्यपि, एक-दुई सिट तलमाथि हुन सक्छ ।

र, गणना भइरहेको तीन क्षेत्रमध्ये माओवादीको एक र बाँकी दुई क्षेत्रमा कांग्रेसको अग्रता छ । जितेको अवस्थामा कांग्रेसको ८९, एमालेको ७८, माओवादीको ३२, राष्ट्रिय स्वतन्त्र पार्टीको २१, राप्रपाको १४, जसपाको ११ र जनमतको पाँच सिट हुनेछ । सम्भावित दलीय हैसियत यस्तो बन्ने देखिँदा माओवादीले सरकार गठनका लागि सबै विकल्प खुला गरेपछि कतिपयले चाहिँ एमालेसँग माओवादीको सहकार्य हुनसक्ने अर्थमा पनि बुझेका छन् ।

हुन पनि सबै क्षेत्रको चुनावी परिणाम सार्वजनिक नभई माओवादी अध्यक्ष दाहालसँग वामपन्थी दलहरूको सरकार बनाउनुपर्ने भन्दै एमाले अध्यक्ष ओलीका विश्वास पात्रहरू सुवासचन्द्र नेम्वाङ, विष्णु पौडेल र पृथ्वीसुब्बा गुरुङ सम्वादमा छन् । नेम्वाङले विगतको तीतो बिर्सेर एमाले, माओवादी र नेकपा एकीकृत समाजवादी मिलेर सरकार गठन गर्नुपर्ने अभिव्यक्ति दिइसकेका छन् । उनले (**बाँकी पृष्ठ ५ मा**)

### नतिजामा असन्तुष्ट

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य चुनावमा अपेक्षाकृत सिट हासिल नभएको माओवादी केन्द्रले निष्कर्ष निकालेको छ । उपाध्यक्ष कृष्णबहादुर महराले शनिबारको पदाधिकारी बैठकपछि पत्रकार हरूसँग संक्षिप्त जानकारी दिँदै माओवादीले अपेक्षा गरेअनुसारको सिट हासिल नभएको बताए ।

'बैठकमा चुनावी परिणामको प्रारम्भिक समीक्षा भयो । अहिले प्रतिनिधिसभामा हामी सोचेअनुरूप परिणाम आएन भन्ने निर्क्योलमा पुगेका छौं,' महराले भने, 'बाँकी अब सबै परिणाम आइसकेपछि पूर्णसमीक्षा हुन्छ ।'

माओवादीले प्रतिनिधिसभामा १७ सिट जितेको छ । दोलखामा अग्रता छ । यहाँ पनि चुनाव जिते माओवादीले १६५ मध्ये १८ सिट जित्नेछ । यसअघि २०७४ मा भएको प्रतिनिधिसभा चुनावमा भने माओवादीले एमालेसँगको गठबन्धनमा रहँदा ३६ सिट जितेको थियो । यसपटक भने ठीक आधा हुने देखिएको छ ।

सन्दर्भ : वैदेशिक रोजगार

## मलेसियाको नयाँ सरकारलाई आप्रवासी कामदार व्यवस्थापनमा चुनौती



मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिम । *तस्बिर: एजेन्सी*

■ प्रभाव संवाददाता

**काठमाडौं–** मलेसियामा हालै सम्पन्न आमनिर्वाचनपछि बनेको नयाँ सरकारलाई आप्रवासी कामदार व्यवस्थापनमा चुनौती देखिएको छ । १०औं प्रधानमन्त्रीको रूपमा मलेसियामा अनवर इब्राहिमको नेतृत्वमा बनेको सरकारले श्रमबजारमा भएको आप्रवासी कामदारको अभाव व्यवस्थापन गर्नुपर्ने चुनौती देखिएको हो ।

मलेसियाले सन् २०२४ सम्म १० लाख विदेशी कामदार भित्र्याउने नीति लिएको छ । तर, यही वर्ष अर्थात् २०२२ मा तीन लाख कामदार आपूर्ति गर्ने लक्ष्य लिए पनि मुस्किलले एक लाख ५० हजार व्यवस्थापन गर्न सकेको समाचारहरू प्रकाशित भएका छन् । यतिखेर मलेसियामा आप्रवासी कामदारको चर्को अभाव भइरहेको कारण इब्राहिम नेतृत्वको सरकारले कसरी व्यवस्थापन गर्ला भन्ने सर्वत्र चासोको विषय बनेको छ । मलेसियाको सामाजिक, रोजगारी, कृषि र उत्पादन वृद्धिका लागि जोड दिँदै आएका उनले प्रधानमन्त्री बनेपछि अन्तर्राष्ट्रिय रोजगारी र विदेशी श्रमिक भित्र्याउने नीतिमासमेत परिर्वतन ल्याउनसक्ने अनुमान गरिएको छ ।

नयाँ बन्ने सरकारले आप्रवासी श्रमिकको २४ घण्टे बिमा नीति तथा सामाजिक सुरक्षा संस्थामा दर्ता गराउनुपर्ने प्रावधान (सोस्को) को कडाइका साथ लागू हुने चुनावी एजेण्डा बनाएका इब्रहिमले उदार नीति लिनसक्ने देखिएको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसियसनका अध्यक्ष कुमुद खनाल बताउँछन् । साथै, मलेसियामा श्रमिकको अभाव भएका कारण नीतिगत समस्या सुधार गर्दै अवैधरूपमा रहेका विदेशी कामदारलाई व्यवस्थापन गर्नुपर्ने चुनौती रहेको उनले बताए । मलेसियाले अर्थतन्त्रसँग जोडेर कृषि तथा औद्योगिक उत्पादन र बजार विस्तारमा जोड दिइरहेका कारण आप्रवासी कामदारमाथि भर पर्नुपर्ने अवस्था आएको खनालको भनाइ छ ।

यतिखेर मलेसियामा करिब १५/१६ लाख आप्रवासी कामदार अवैधरूपमा काम गरिरहेको अनुमान गरिएको छ । जसमा झण्डै चार लाख नेपाली रहेको मलेसियास्थित नेपाली दूतावासले जनाएको छ । यसअघिको सरकारले यही जनवरीदेखि अवैधरूपमा रहेका विदेशी कामदारलाई मलेसिया आगमनमा आजीवन प्रतिबन्ध लगाउँदै स्वदेश फर्काउने ल्याए पनि लागू गर्न सकेको छैन । अब इब्राहिम सरकारले अवैधरूपमा बसेका विदेशी कामदारप्रति कस्तो कदम चाल्ने हो प्रतीक्षाको विषय बनेको छ ।

कोरोना महामारीपछि ठूलो संख्यामा आप्रवासी कामदारको माग धान्न मलेसियाले नेपालसहित विभिन्न सातवटा मुलुकबाट कामदार आपूर्ति गरिरहेको छ । चालु आर्थिक वर्ष सुरु भएयता नेपालबाट करिब ८० हजारभन्दा बढी नेपाली रोजगारीका लागि मलेसिया गएको वैदेशिक रोजगार विभागले जनाएको छ ।

त्यहाँको सरकारले कामदारको न्यूनतम पारिश्रमिक १५ सय रिंगेट पुऱ्याउने घोषणा गरेपछि खाडी मुलुकभन्दा मलेसिया जाने नेपालीको संख्या ह्वात्तै बढेको छ । वर्तमान सरकारलाई कामदारको न्यूनतम पारिश्रमिक कार्यान्वयन गर्नुपर्ने जिम्मेवारीसमेत थपिएको छ ।

## आइपिओप्रति विदेशमा रहेका कामदारको आकर्षण

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको प्राथमिक सेयर (आइपिओ)मा आकर्षण देखिएको छ । स्थानीय वासिन्दा तथा वैदेशिक रोजगारीमा गएका नेपालीहरूका लागि कालिञ्चोक दर्शन लिमिटेडले बुधबारदेखि निष्काशन गरेको आइपिओमा मागभन्दा बढी आवेदन परेको छ ।

सिडिएस एण्ड क्लियरिङ लिमिटेड (सिडिएससी)का अनुसार शुक्रबारसम्म एक लाख १७ हजार ७० कित्ताको लागि आवेदन परेको छ । कूल २४८ आवेदकले एक करोड १७ लाख सात हजार रूपैयाँ बराबरको सेयर माग गरेका हुन् । उक्त आवेदन मागभन्दा निकै बढी भएको कम्पनीले जनाएको छ । कम्पनीले एक लाख आठ हजार कित्ताको लागिमात्रै आवेदन आह्वान गरेको छ ।

वैदेशिक रोजगारीमा रहेका धेरै नेपालीले कम्तीमा पनि ५०० कित्ताका लागि आवेदन दिएका छन् । आवेदन दिँदा छ महिनाभित्र खातामा ५० हजार रूपैयाँ रेमिटचान्स पठाएको हुनुपर्ने प्रावधान राखिएका कारण सोही रकम बराबर हुने ५० हजार रूपैयाँकै आइपिओका लागि आवेदन दिएको हुनसक्ने कम्पनीले औंल्याएको छ । एउटै व्यक्तिले रेमिट खाता खोलेर आइपिओमा सबैभन्दा बढी नौ लाख ९९ हजार रूपैयाँ बराबरको नौ हजार ९९० कित्ता सेयर माग गरेको पनि कम्पनीले उल्लेख गरेको छ । रोजगारीमा विदेश रहेका व्यक्तिले आइपिओमा १० हजार ८०० कित्तासम्म आवेदन दिन पाउने व्यवस्था गरिएको नेपाल धितोपत्र बोर्डले जनाएको छ । यही मंसिर २८ गतेसम्म आइपिओमा आवेदन दिन सकिने कम्पनीले जनाएको छ । आवेदन दिने अन्तिम मितिसम्म एक हजारभन्दा बढीले आइपिओ भर्न सक्ने आकलन गरिएको छ ।

धितोपत्र बोर्डले प्राथमिक सेयर जारी गर्दा वैदेशिक रोजगारीमा गएका नेपालीहरूका लागि अनिवार्य १० प्रतिशत आरक्षण गर्नुपर्ने नियम लागू गरेपश्चात् पहिलोपटक कालिञ्चोक दर्शनले कोटा छुट्याएको हो ।






चन्द्रगिरिबाट देखिएको हिमाल | काठमाडौंको चन्द्रागिरि डाँडाबाट देखिएको लाङटाङ हिमालको दृश्य । *तस्बिरः हरिराम भेट्वाल/रासस*

# तीन संस्थासँग महानगरको सहकार्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले शैक्षिक क्रियाकलापलाई व्यावहारिक र जीवनउपयोगी बनाउन विभिन्न तीनवटा संस्थासँग सहकार्य गर्ने भएको छ। महानगरको शिक्षा विभागले शुक्रबार ती संस्थासँग सहमतिपत्रमा हस्ताक्षर गरेको हो।

महानगरकी उपप्रमुख सुनिता डंगोल, प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारी र शिक्षा सल्लाहकार रेशु अर्यालको रोहवरमा शिक्षा विभागका प्रमुख रामप्रसाद सुवेदीले त्रिभुवन विश्वविद्यालय, केन्द्रीय गृहविज्ञान, कारखाना समूह र वन्यजन्तु संरक्षण संघ नेपालसँग सहमतिपत्रमा हस्ताक्षर गरेका छन् । दोस्रोपक्षबाट सहमतिपत्रमा केन्द्रीय गृहविज्ञानका प्रमुख प्रा.डा. जयालक्ष्मी प्रधान, कारखानाका निर्देशक सचेत मानन्धर र वन्यजन्तु संघ नेपालकी निर्देशक सञ्जीवनी योञ्जनले हस्ताक्षर गरे ।

सम्झौतापछि बोल्दै उपप्रमुख डंगोलले व्यावहारिक र प्रयोगात्मक शिक्षामार्फत शैक्षिक गुणस्तरमा रूपान्तरण गर्न चाहेको बताइन् । 'हामीलाई थाहा छ, गुणस्तरीय शैक्षिक क्रियाकलापका लागि गुणस्तरीय शिक्षण आवश्यक पर्छ । यसका लागि पर्याप्त पूर्वाधार र योग्य जनशक्ति आवश्यक हुन्छ । आफ्नो क्षेत्रबाट काम गरिरहेका साझेदारसँग सहकार्य गरेर हामी नतिजा निकाल्न प्रयास गर्नेछौं,' उनले भनिन् ।

विद्यालय उमेरमा सिकेका ज्ञान र सीप नै जीवनभरि स्मरणमा रहने उनले बताइन् । 'त्यही कालमा सिकेका सीपबाट धेरै मानिसहरूले जीवनको लक्ष्य बनाएका छन्,' उपप्रमुख डंगोलले भनिन्, 'यसकारण पनि हामी विद्यालय उमेरका बालबालिकालाई जीवन चलाउन सक्ने दृष्टिकोण निर्माण गर्न सक्ने बनाउँछौं ।'

काठमाडौं महानगरपालिकाले शैक्षिक रूपान्तरण गर्न खोजिरहेको उनको भनाइ छ । यसका लागि महानगर एक्लैले सम्भव नहुने उनले बताइन् । 'शिक्षण सिकाइलाई प्रभावकारी बनाउन, शिक्षण र सिकाइका बीच के अभाव छ, थाहा पाउन हामीले त्यही क्षेत्रमा काम गर्ने संस्थाहरूसँग सहकार्यको थालनी गरेका हौं,' उनले भनिन् ।



**कोसँग केका लागि सहकार्य ?**

पूर्वप्राथमिक तहमा बालमनोविज्ञान अनुरूप दण्डरहित शिक्षण सहजीकरणका लागि त्रिभुवन विश्वविद्यालयअन्तर्गतको केन्द्रीय गृह विज्ञान विभागसँग सम्झौता भएको हो । विभागले यसका लागि सहजकर्ता पठाउनेछ । विभागको स्नातकोत्तर तहमा बाल विकास र लैंगिक सामाजिकता विषयमा अध्ययनरत विद्यार्थीहरूलाई इन्टर्न सहजकर्ताका रूपमा पठाइने सम्झौतामा उल्लेख छ। विभागले पठाउने ४० जना विद्यार्थीहरू महानगरको शिक्षा विभागले खटाउने विद्यालयमा गएर बालमैत्री शिक्षण सिकाइ, शैक्षिक सामग्री निर्माण, विद्यार्थीमैत्री पोसाक, अभिभावक शिक्षा, विषयगत दृष्टिकोण (थिमेटिक अप्रोचका क्षेत्रमा सहजीकरण गर्ने छन् ।

पूर्वप्राथमिक तहका विद्यार्थीहरूलाई अध्ययन गराउन माथिल्लो तहकोभन्दा धेरै सीप, कौशल र क्षमता चाहिने भएकोले यस प्रकारको प्रबन्ध गरिएको शिक्षा अधिकारी सुवेदीको भनाइ छ ।

हरित विद्यालय निर्माणका लागि वन्यजन्तु संरक्षण संघसँग विद्यालयहरूलाई हरित विद्यालयका रूपमा रूपान्तरण गर्न तथा विद्यार्थीहरूमा वातावरणीय ज्ञान दिन सम्झौता भएको छ । विद्यालयहरूमा इको क्लब निर्माण तथा सञ्चालनमा संघले सहजीकरण गर्नेछ । हरित विद्यालयका लागि वातावरण शिक्षा, विपद् जोखिम व्यवस्थापन, पानी व्यवस्थापन तथा सरसफाइ, जलबायु परिवर्तन न्यूनीकरण, दिगो विकास, पोषण तथा भू-संरक्षणलगायत कार्यक्रम सञ्चालन हुने छन् । यसका लागि आर्थिक तथा प्राविधिक स्रोत जुटाउन कार्ययोजना तयार पारिने बताइएको छ ।

यसैगरी 'खेल्दै सिक्दै' शिक्षण विधिका लागि कारखाना समूहसँग सम्झौता भएको छ । शिक्षा विभागले उपलब्ध गराएका पाँच वटा विद्यालयमध्ये एउटालाई हब विद्यालय मानेर इञ्जिनियरिङ विधामा आधारित खेलमैत्री शिक्षण सिकाइ थालनी गरिने सम्झौतामा उल्लेख छ । सम्झौता अनुसार छनोटमा परेका विद्यालयहरूलाई रोबोटिक्स किट उपलब्ध गराइने, शिक्षकहरूलाई रोबोटिक्सका विविध विषयमा जानकारी गराउन तथा ज्ञान आदानप्रदान गर्न डिजिटल प्लेटफर्म निर्माण गरिनेछ । यसमा गणित, इञ्जिनियरिङ र टेक्नोलोजीका विषय अध्ययन हुने बताइएको छ ।

# रंगिँदै दलका कार्यालय

**काठमाडौं–** संघीय संसद् सचिवालयले प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फको नतिजा सार्वजनिक भएसँगै राजनीतिक दलका लागि कार्यालय व्यवस्थापन, रङरोगन र सरसफाइ सुरु गरेको छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको नतिजाका आधारमा कार्यालय व्यवस्थापन गर्नुपर्ने दलको संख्या आकलन गरी संसद् सचिवालयले तयारी सुरु गरेको हो।

कम्तीमा दुई सांसद रहेको दलले संसदीय दल खोल्न कानुनी प्रावधान रहेकाले उनीहरूको दल गठन भएपछि सञ्चालनका लागि कार्यालय र स्थान उपलब्ध गराउने गृहकार्य सचिवालयले सुरु गरेको प्रवक्ता डा. रोजनाथ पाण्डेले बताए। सचिवालयले विगतमा राजनीतिक दलले प्रयोग गरेको संसदीय दल कार्यालयको सरसफाइ, रङरोगन, फूल बिरुवा रोपणजस्ता काम अहिले गरिरहेको छ।

सचिवालयले त्यसका लागि नयाँ बानेश्वरस्थित संसद् भवन र सिंहदरबारमा दल विशेषको संख्याका आधारमा कोठा उपलब्ध गराउनेछ । दल र सांसदको सुविधासम्बन्धी ऐनमा १० सांसद भएमा त्यस्ता दलका पदाधिकारी अर्थात् संसदीय दलका नेता र सचेतकलाई कार्यालय तथा फर्निचर सुविधा उपलब्ध गराउनुपर्ने भएकाले सचिवालय त्यो कामको तयारीमा अघि बढेको प्रवक्ता डा.पाण्डेले जानकारी दिए।

नवनिर्वाचित सदस्यको पद तथा गोपनीयताको शपथ सकिएलगत्तै संसद्‌को प्रतीक चिह्न (लोगो) संविधान, ऐन, संसदीय नियमावली र समितिका कार्यविधि, डायरी, कलम, परिचय पुस्तिकालगायत आवश्यक कागजात उपलब्ध गराउने प्रचलन छ। *रासस*

# समाचार हटाइएकोप्रति महासंघको आपत्ति

**काठमाडौं (प्रस)–** नेपाल पत्रकार महासंघले उकेरा डटकमको सिएमएसमा प्रवेश गरी प्रकाशित सामग्री हटाएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । महासंघले शनिबार विज्ञप्ति जारी गरी उक्त घटनाप्रति आपत्ति जनाएको हो ।

उक्त अनलाइनका सञ्चालक पाथसिङ नेपाल प्रालिका अनुसार उपराष्ट्रपति नन्दकिशोर पुनका पुत्र दीपेश पुनको सहकारीसम्बन्धी समाचार, स्वतन्त्र पार्टी नेपालका अध्यक्ष रवि लामिछानेको नागरिकतासम्बन्धी केही समाचार र सुकुम्बासीसम्बन्धी समाचार हटाइ अन्य असम्बन्धित समाचार पोस्ट गरिएको महासंघले उल्लेख गरेको छ ।

'प्रकाशित समाचारमाथि चित्त नबुझे खण्डन गर्ने, प्रेस काउन्सिलमा उजुरी दिने र अदालतसम्म जाने विकल्प हुँदाहुँदै प्रविधिको दुरूपयोग गरी सिएमएसमा प्रवेश गरी प्रकाशित समाचार हटाउने कार्यले प्रेस स्वतन्त्रतामाथि गम्भीर आघात पुग्नुका साथै साइवरसम्बन्धी कानुनको समेत गम्भीर उल्लंघन भएको छ,' महासंघले भनेको छ, 'महासंघ प्रेस स्वतन्त्रताविरोधी यस्ता कार्यको कडा विरोध र भर्त्सना गर्दछ ।'

कानुनविपरीत यस्ता कार्य गर्नेमाथि छानविन गरी कारबाही गर्न तथा भविष्यमा यस्ता कार्य दोहोरिन नदिन सम्बन्धित पक्षसँग महासंघले माग गरेको छ ।


## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०८।१८**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०७८/७९ मा संकलित साल, असना जातको गोलिया ३९९९.५९ क्यू.फि. काठ र साल दाउरा ३ चट्टा लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री चिदीपानी सा.व.उ.स., रैनादेवी छहरा–७, पाल्पा ।**

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०८।१८**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०७७/७८ मा संकलित साल जातको गोलिया ११३५.८० क्यू.फि. काठ लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**श्री चिरीडाँडा सा.व.उ.स., तिनाउ–३, पाल्पा ।**

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०८।१८**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व.०७८/७९ मा संकलित साल, असना, जामुन जातको गोलिया १२८४.१८ क्यू.फि. काठ लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**श्री चिरीडाँडा सा.व.उ.स., तिनाउ–३, पाल्पा ।**

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०८।१८**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०७८/७९ मा संकलित साल जातको गोलिया ९२७.१६ क्यू.फि. काठ र साल दाउरा १.५० चट्टा लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**श्री बेबरे चिउरीगौडा सा.व.उ.स., तिनाउ–२, पाल्पा ।**

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०८।१८**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०७७/७८ मा संकलित साल जातको गोलिया ५०६.९४ क्यू.फि. काठ र साल दाउरा १.२० चट्टा लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री ठूलो चिउरी सा.व.उ.स., रैनादेवी छहरा–७, पाल्पा ।**

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०८।१८**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०७८/७९ मा संकलित साल, असना जातको गोलिया १००१.६५ क्यू.फि. काठ र साल दाउरा १ चट्टा लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री ठूलो चिउरी सा.व.उ.स., रैनादेवी छहरा–७, पाल्पा ।**

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०८।१८**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०७७/७८ मा संकलित साल जातको गोलिया ३४९९.५४ क्यू.फि. काठ र साल दाउरा ५ चट्टा लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री जामुने सा.व.उ.स., रैनादेवी छहरा–७, पाल्पा ।**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०८/१८

यस कम्पनीको मिति २०७९/०७/१५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **शुभ श्री फर्निचर एण्ड डेकोरेटर प्रा.लि. (प्रा.लि. नं. ८४७०७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०८/०१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **शुभ श्री इन्टेरियर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंसिर १८ गते आइतबार

| | |
|---|---|
| **मेष** | पारिवारिक कार्य सफल हुनेछ । |
| **वृष** | अनावश्यक जिम्मेवारी नलिनुहोला । |
| **मिथुन** | लामो यात्रा हुनेछ । |
| **कर्कट** | सबै कार्यमा सावधानी राख्नुहोला । |
| **सिंह** | नयाँ काम बन्नेछ । |
| **कन्या** | राजनीतिक लाभ प्राप्त हुनेछ । |
| **तुला** | धर्म पालनामा रूचि देखिन्छ । |
| **वृश्चिक** | नयाँ साथी बन्ने योग छ । |
| **धनु** | नयाँ कार्यमा सावधानी राख्नुहोला । |
| **मकर** | शुभ समाचार प्राप्त हुनेछ । |
| **कुम्भ** | नयाँ काम मिल्ने सम्भावना छ । |
| **मीन** | आय बढ्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

मंसिर १८ गते, २०७९, ४ डिसेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२९.८२ | १३०.४२ |
| युरो | १ को | १३६.५४ | १३७.१८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५९.१३ | १५९.८६ |
| स्विस फ्रैन्क | १ को | १३८.७९ | १३९.४३ |
| अस्ट्रेलियन डलर | १ को | ८८.४३ | ८८.८४ |
| क्यानाडियन डलर | १ को | ९६.५६ | ९७.०० |
| सिंगापुर डलर | १ को | ९६.१० | ९६.५५ |
| जापानी येन | १० को | ९.६७ | ९.७१ |
| चिनियाँ युआन | १ को | १८.४८ | १८.५७ |
| साउदी अरब रियाल | १ को | ३४.५४ | ३४.७० |
| कतारी रियाल | १ को | ३५.४७ | ३५.६४ |
| थाई भाट | १ को | ३.७४ | ३.७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.३४ | ३५.५१ |
| मलेसियन रिंगेट | १ को | २९.५९ | २९.७२ |
| दक्षिण कोरियन वन | १०० को | १०.०० | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.५७ | १२.६३ |
| डेनिस क्रोनर | १ को | १८.३६ | १८.४४ |
| हङकङ डलर | १ को | १६.६८ | १६.७६ |
| कुवेती दिनार | १ को | ४२३.४९ | ४२५.४४ |
| बहराइन दिनार | १ को | ३४४.३५ | ३४५.९४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**अपांगता दिवसमा र्‍याली**

३१ औं अन्तर्राष्ट्रिय अपांगता दिवसका अवसरमा शनिबार सुर्खेतको वीरेन्द्रनगरमा विभिन्न संघसंस्थाले निकालेको र्‍याली ।

*तस्बिरः सुरेश आचार्य/रासस*

# प्रहरी महानिरीक्षक सिंहको निरीक्षण भ्रमण



■ प्रभाव संवाददाता

**बाँके-** प्रहरी महानिरीक्षक धिरजप्रताप सिंहले कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेत (हाल नेपालगञ्ज) र लुम्बिनी प्रादेशिक प्रहरी अस्पताल नेपालगञ्जको शुक्रबार निरीक्षण भ्रमण गरेका छन् । भ्रमणका क्रममा उनले त्यहाँ कार्यरत प्रहरी कर्मचारीहरूलाई आवश्यक निर्देशन दिएका छन् ।

कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र निरीक्षणपश्चात् प्रहरी कर्मचारीहरूलाई निर्देशन दिँदै प्रहरी महानिरीक्षक सिंहले प्रशिक्षणको क्रममा प्रशिक्षकहरूले आफूलाई रोल मोडलको रूपमा प्रस्तुत गर्नुपर्ने बताए । प्रशिक्षार्थीहरूले पाउनुपर्ने सेवा सुविधामा कुनै कमी गर्न नहुनेमा उनले जोड दिए । उनले तालिम केन्द्रले प्रहरी कर्मचारीको दक्षता अभिवृद्धि गर्नेतर्फ विशेष ध्यान दिएर तालिम प्रदान गर्नुपर्ने उल्लेख गरे ।

यसैगरी प्रहरी महानिरीक्षक सिंहले लुम्बिनी प्रादेशिक प्रहरी अस्पताल नेपालगञ्जको निरीक्षण तथा अवलोकन भ्रमण गरेका छन् । सो अवसरमा उनले अस्पतालको ल्याव परीक्षणलाई स्तरोन्नति गर्दै अझ उत्कृष्ट सेवा प्रदान गर्न अस्पतालमा कार्यरत प्रहरी कर्मचारीलाई निर्देशन दिए । बिरामी वार्डलाई व्यवस्थित गर्नुपर्ने र नयाँ निर्माण हुन लागेको अस्पताल भवन छिटोभन्दा छिटो सिलान्यास गरी निर्माण कार्य अगाडि बढाउनुपर्नेमा उनले जोड दिए ।

सोही क्रममा प्रहरी महानिरीक्षक सिंहले मंसिर १ गते जुम्ला सदरमुकामदेखि तिला गाउँपालिकास्थित मतदान केन्द्रमा मतपेटिकाको खाली बाकस बोकी जाँदै गर्दा सवारी दुर्घटनामा परी घाइते भई हाल उक्त अस्पतालमा उपचाररत जिल्ला प्रहरी कार्यालय जुम्लामा कार्यरत प्रहरी सहायक हवल्दार सुरज चन्दको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका थिए । उनले घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरे ।

निरीक्षण भ्रमण कार्यक्रममा लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङका प्रमुख प्रहरी नायव महानिरीक्षक नलप्रसाद उपाध्याय, कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रमुख प्रहरी नायव महानिरीक्षक पोषराज पोखरेल, कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेतका प्रमुख, लुम्बिनी प्रादेशिक प्रहरी अस्पताल नेपालगञ्जका प्रमुखलगायतका प्रहरी अधिकृतहरूको उपस्थिति रहेको थियो ।

# ‘समृद्धिको मार्ग : कर्णाली करिडोर’



■ मिमबहादुर रावल

**मान्म-** विकासको हरेक पक्षबाट पछाडि परेको कर्णाली क्षेत्रको उन्नतिका लागि निर्माण सुरु गरिएको कर्णाली करिडोरलाई यहाँका बासिन्दाले आफ्नो भाग्य र भविष्यसँग जोड्ने गरेका छन् । ‘साउथ एण्ड नर्थ एक्सिस गोर्थ’का रूपमा लिइएको कर्णाली करिडोरले नेपाल, चीन र भारत जोड्नेछ ।

कर्णाली करिडोर खुलेमा राष्ट्रिय सडक सञ्जालसँग नजोडिएको एक मात्रै जिल्ला हुम्लालाई जोड्नेछ । यो राजमार्ग चीनको सिमाना जोडिएको हुम्लाको हिल्सादेखि बाँकेको भारतसँग सिमाना जोडिएको जमुनाह नाकासम्म विस्तार पुग्नेछ । कर्णाली करिडोर नामकरण गरी ट्र्याक खोल्न थालेको २१ वर्ष भएको छ । कर्णाली करिडोरको बाँकेको जमुनाहदेखि सुर्खेत, दैलेख, कालीकोट, बाजुरा हुँदै हुम्लाको सिमकोटदेखि चीनको सीमा क्षेत्र हिल्सासम्मको दूरी ६८२ किलोमिटर छ । कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरदेखि हुम्लाको हिल्सासम्म ४१० किलोमिटर मात्रै रहेको छ ।

कर्णालीवासीको आशाको केन्द्रका रूपमा रहेको कर्णाली करिडोर कालीकोटको नरहरिनाथ गाउँपालिका-८ खुलालुदेखि हुम्लाको सलिसल्लासम्मको नेपाली सेना जिम्मा १९६ किलोमिटर सडकको ट्र्याक खोल्ने जिम्मा पाएको नेपाली सेनाले खोलिसकेको छ ।

चीनको सिमाना हुम्लाको हिल्सादेखि सलिसल्लासम्मको १४६ किलोमिटर हिल्सा-हुम्ला सडक आयोजनाले कामको जिम्मा लिएको छ । त्यो सडकखण्डको काम पनि तीव्ररूपमा भइरहेको छ । २०७१ चैत ५ गतेदेखि नेपाली सेनाले काम सुरु गरेको सो सडकखण्डको निर्माण कार्य सम्पन्न भएपछि सडक विभागअन्तर्गतको हिल्सा-सिमकोट सडक आयोजनालाई २०७८ असार ३१ गते हस्तान्तरण गरेको थियो ।

कर्णाली करिडोरअन्तर्गतको कालीकोटको खुलालुदेखि हुम्लाको सलिसल्लासम्मको नेपाली सेनाले निर्माण जिम्मा लिएको सडकमध्ये १९६ किलोमिटर सडक निर्माण भएर सवारीसाधन चल्न थालेका छन् । बाँकी सडकखण्ड निमर्णाधीन अवस्थामा रहेको हिल्सा हुम्ला सडक आयोजनाका प्रमुख वीरेन्द्र यादवले जानकारी दिए । ‘नेपाल सरकारको हिल्सा-हुम्ला सडक आयोजनाले जिम्मा लिएको १४६ किलोमिटरमध्ये हिल्सादेखि हुम्लाको सिमीकोटसम्मको ९५ किलोमिटर सडक निर्माण भइसकेको छ,’ उनले भने, ‘ कर्णाली करिडोरअन्तर्गतको पाँच किलोमिटर सडक खोलेपछि आयोजनाको काम सम्पन्न हुन्छ ।’

ठेकेदारमार्फत काम गराइरहेको आयोजनाले कडा चट्टाने भिर भएका कारणले अहिले निर्माण कार्यमा समस्या भएको यादवले बताए । विष्फोटक पदार्थका लिएर नेपाली सेनाले हुम्ला सडकखण्डमा पनि काम गरिरहेको जानकारी दिए ।

### बजार क्षेत्र वृद्धि

कर्णाली करिडोरमा सवारीसाधन चल्न थालेपछि आर्थिक चहलपहल बढ्न थालेको छ । करिडोर क्षेत्रका आसपासमा बजार हुनसक्ने ठाउँमा जग्गाको कारोबारदेखि व्यापारको सम्भाव्यताले गर्दा आर्थिक गतिविधि बढेको हो । कालीकोटको खुलालुदेखि हुम्लाको सलिसल्लासम्म दर्जनौं ठाउँहरू बजारका रूपमा विस्तार भएको बाजुरा स्वामीकातिका गाउँपालिकाका पूर्वअध्यक्ष चिरञ्जीवी शाहीले बताए । ‘कर्णाली करिडोरको खुलालुदेखि हुम्लाको सलिसल्लासम्म सवारीसाधन चल्न थालेका छन्,’ उनले भने, ‘ अहिले यो सडकखण्डका दर्जनौं ठाउँ बजारका रूपमा विकास भएका छन् ।’

कालीकोटको खुलालु, लालिघाट, रेगिल, सान्तिघाट, भुराबगर, भात्तडी, घाटपारीचौर, जितेगडा, जारकोट, आम्तडा बाजुराको कोल्टी पिलिचौर, हिमाली गाउँपालिकाको धुलाचौरलगायतका क्षेत्र अहिले बजारका रूपमा विकसित भएका छन् । यी बजारमा अहिले व्यापारी केन्द्रका रूपमा स्थापित हुन थालेको कालीकोट रास्कोट नगरपालिका-८ का अनन्त बरालले बताए । ‘यहाँ कर्णाली किनारमा रहेका फाँट विगतमा त्यतिकै मिल्किएका थिए,’ उनले भने, ‘अहिले बजार क्षेत्रका रूपमा व्यापारिक नाकाका रूपमा विकास भएका छन् ।’

सडक सुविधा नहुँदा जितेगडा बजारसम्म पिठचूँमा भारी बोकेर आउने यहाँका बासिन्दा अहिले घरमा केही न केही उत्पादन गरी व्यापार व्यवसायमा संग्लन गरेको कालीकोट उद्योग वाणिज्य संघका पूर्ववरिष्ठ उपाध्यक्ष मथुरा न्यौपाने जानकारी दिए । ‘करिडोर क्षेत्रका धेरै ठाउँ अहिले बजारका रूपमा विकसित भएका छन्,’ उनले भने, ‘विगतका पिठचूँ भारी बोकेर नुनतेल गर्ने करिडोर क्षेत्रका बासिन्दा अहिले गाडीमा सरर घरमा नै पुग्ने गरेका छन् ।’

### करिडोर क्षेत्रमा तरकारी खेती विस्तार

कर्णाली करिडोरमा सवारीसाधन चल्न थालेपछि आसपासका मानिस तरकारीखेतीतर्फ आकर्षित भएका छन् । विगतमा रोजगारको केही उपाय नहुँदा भारतमा रोजगारी गर्न जानेहरू अहिले तरकारी खेती गर्न थालेका छन् । गाउँगाउँमा नै बजार बनेका कारणले बारीमा लगाएको तरकारी कता लगेर बेच्ने भन्ने समस्या नभएको रास्कोट नगरपालिका-६ भात्तडीका किसान नरप्रसाद बरालले बताउँछन् । ‘विगतमा बारीमा तरकारी लगायो भने कसरी कहाँ बेच्ने भन्ने चिन्ता हुन्थ्यो,’ उनले भने, ‘बारी छेउमा नै बजार बनेको छ । कता बेचौं भन्ने समस्या छैन ।’

कर्णाली करिडोर क्षेत्रमा उत्पादन भएको वस्तुहरू हिमाली जिल्लामा र तराईका जिल्लामा पठाउन सजिलो भएकाले अहिले धेरैजसो मानिस कृषि पेसामा संग्लन रहेको रास्कोट नगरपालिकाका प्रमुख धर्मराज शाहीले बताए । ‘हामीले कृषि क्षेत्रमा लगानी गर्नेलाई प्रोत्साहन दिने गरेका छौं,’ उनले भने, ‘अहिले कर्णाली करिडोर सञ्चालनमा आएपछि यहाँ उत्पादन गरिएका कृषिउपजका वस्तुहरूको बजारीकरण गर्न सजिलो भएको छ ।’

बाजुरा जिल्लाको स्वामीकार्तिक-खापर गाउँपालिकामा उत्पादन हुने गरेको स्याउ विगतमा बिक्री नहुँदा गाईभैंसीलाई खुवाउनुपर्ने अवस्था थियो । अहिले सडक सञ्चालनमा आएपछि बजारीकरण गर्न कुनै समस्या नभएको गाउँपालिका अध्यक्ष भरतबहादुर रोकायाले बताए । उनका अनुसार यहाँका किसानले उत्पादन गरेको स्याउ सुर्खेत-कोहलपुर हुँदै स्याउ धनगढी पुगेको छ । बजार विस्तार हुँदा स्याउले राम्रो मूल्य पनि पाएको स्वामीकार्तिक-खापर गाउँपालिका स्वाफचूचर स्याउ कृषक समूह अध्यक्ष धनबहादुर रावलको भनाइ छ । उनले भने, ‘अहिले यहाँ उत्पादन गरिएको स्याउ बजारीकरणमा समस्या छैन ।’

विगतमा परिवार पाल्न खेती किसानमा मात्र सीमित रहेका करिडोर क्षेत्रका स्थानीयवासीले अहिले विभिन्न पेसा व्यवसायमार्फत आम्दानी लिन थालेका छन् । विगतमा कुनै आयस्रोत नभएका मानिसले पनि अहिले बजार क्षेत्रमा होटेल व्यवसाय सुरु गरेका छन् । पचालझरना गाउँपालिका अध्यक्ष देवजंग शाही भन्छन्, ‘अहिले करिडोर क्षेत्रमा होटललगायतका अन्य व्यापार व्यवसायको वृद्धि भएको छ । मानिसले अहिले राम्रो आम्दानी लिन थालेका छन् ।’

### पुल निर्माण तथा सडक विस्तार

कर्णाली करिडोरमा नौ वटा पक्की पुल निर्माण हुने भएका छन् । कर्णाली करिडोरको कालीकोटको खुलालुदेखि हुम्लाको सदरमुकाम सिमकोटसम्म १३ वटा पक्की पुल निर्माण हुने भएका हुन् । कर्णाली करिडोरअन्तर्गत पर्ने कालीकोट सडकखण्डको खुलालु खोला, सान्नीघाट खोला र फुगाड खोला पक्की पुल निर्माण हुने भएको हो । बाजुराको जुड्डी खोला, बूढीगाड खोला, गल्फगाड खोला र कवाडी खोला पक्की पुल निर्माण हुने भएको हो ।

त्यस्तै हुम्लाको सलीसल्लाको कर्णाली नदी र सर्केगाड खोलामा पुल निर्माण हुने हिल्सा-सिमकोट सडक आयोजना हुम्लाले जनाएको छ । पक्की पुलका लागि ठेक्का प्रक्रिया अगाडि बढेको सडक आयोजना हुम्लाका इञ्जिनियर वीरेन्द्र यादवले बताए । ‘ठेक्का प्रक्रिया अगाडि बढेको छ । यी खोलामा चाँडै पक्की पुल निर्माणको काम अगाडि बढ्छ,’ उनले भने ।

कर्णाली करिडोरअन्तर्गत कालीकोट खण्ड फराकिलो बनाउन थालिएको छ । नेपाली सेनाले गत असार ३१ गते सडक विभागलाई हस्तान्तरण गरेको थियो । कालीकोट जिल्लामा पर्ने खुलालुदेखि लैफुसम्मको ४२ किलोमिटर सडक फराकिलो बनाउन थालिएको छ । सडक चौडा बनाउने कामको थालनी गरिएको र दुई ठेकेदार कम्पनीहरूले काम सुरु गरेको आयोजना प्रमुख यादवले जानकारी दिए ।

कर्णाली करिडोर साँघुरो हुँदा यातायात सञ्चालनमा समस्या भएका कारणले फराकिलो पार्न लागिएको प्रमुख यादवले बताए । ‘सडक फराकिलो पार्ने पहिलो चरणको काम सुरु भएको छ,’ उनले भने, ‘अब हुम्लासम्म नै सडक फराकिलो पार्ने काम हुनेछ ।’

करिडोरअन्तर्गतको ४० किलोमिटर कालिकोट खण्ड, ४४ किलोमिटर बाजुरा खण्ड र ११३ किलोमिटर हुम्ला खण्ड रहेको छ । अहिलेसम्म कर्णाली करिडोर निर्माणमा एक अर्ब पाँच करोड ७७ लाख रूपैयाँ खर्च भइसकेको आयोजना कार्यालयले जनाएको छ । *रासस*

# सहरभन्दा ग्रामीण भेगका मतदाता बढी सजग

**पर्सा-** मतदान प्रक्रियामा सहभागी हुन र सही तरिकाले मतदान गर्न यहाँ सहरभन्दा ग्रामीण भेगका मतदाता बढी सजक देखिएका छन् । हालै सम्पन्न भएको प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा खसेको मत संख्या र त्यसमा भेटिएको बदर मतको संख्याले सहरभन्दा ग्रामीण भेगका मतदाता बढी सजग रहेको पुष्टि गरेको छ ।

चार निर्वाचन क्षेत्र रहेको जिल्लाको क्षेत्र नं १ मा ६६ प्रतिशत मतदान हुँदा ५.०६ प्रतिशत मत बदर भएको छ भने क्षेत्र नं २ मा ६७ प्रतिशत मतदान हुँदा ५.२ प्रतिशत मत बदर भएको छ । त्यसैगरी क्षेत्र नं ३ मा ७१ प्रतिशत मतदान हुँदा ४.१२ प्रतिशत र क्षेत्र नं ४ मा ६९ प्रतिशत मतदान हुँदा ३.३८ प्रतिशत मत बदर भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

जिल्लाको सदरमुकामसमेत रहेको वीरगञ्ज महानगरपालिकाअन्तर्गत पर्ने क्षेत्र नं १ मा खसेको ५१ हजार २११ मतमध्ये दुई हजार ५९१ र क्षेत्र नं २ मा खसेको ५८ हजार ५४७ मतमध्ये तीन हजार ४६ मत बदर भएको मुख्य निर्वाचन अधिकृत विनोदकुमार पोखरेलले जानकारी दिए । उनले जिल्लाको ग्रामीण भेगमा पर्ने क्षेत्र नं ३ मा खसेको ६४ हजार ३२४ मध्ये दुई हजार ६५१ मत र क्षेत्र नं ४ मा खसेको ६२ हजार २१९ मध्ये दुई हजार १०३ मत बदर भएको बताए ।

२०७४ मा सम्पन्न प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा १०.०९ प्रतिशत मत बदर भएको तुलनामा यसपालिको निर्वाचनमा जिल्लाबाट कूल ४.४ प्रतिशत मात्र मत बदर भएको छ । मतदाता शिक्षालाई यसपालि निर्वाचन आयोगले प्राथमिकता दिएका कारण जिल्लामा बदर मतको संख्या कम देखिएको भए पनि सहरी क्षेत्रमा देखिएको बढ्दो बदर मतको संख्यालाई नियन्त्रण गर्न आयोगले विशेष रणनीति बनाउन आवश्यक देखिएको राजनीतिक विश्लेषकहरूले बताएका छन् । *रासस*


**बिमालेख हरायो**

मिति २०७९/०७/१३ गते, भक्तपुरदेखि काठमाडौं जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : दिपेश दाहाल
विमालेख नं : ११७००६९६४
(नेपाल लाइफ इन्स्योरेन्स)
ठेगाना : भक्तपुर
सम्पर्क नं : ९८६१५५५२९५

**बिमालेख हरायो**

मिति २०७९/०७/१३ गते, भक्तपुरदेखि काठमाडौं जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : देबकी दाहाल
विमालेख नं : ११७००६९६६
(नेपाल लाइफ इन्स्योरेन्स)
ठेगाना : भक्तपुर
सम्पर्क नं : ९८६१५५५२९५

**बिमालेख हरायो**

मिति २०७९/०७/१३ गते, भक्तपुरदेखि काठमाडौं जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : देबकी दाहाल
विमालेख नं : ११७००६९६५
(नेपाल लाइफ इन्स्योरेन्स)
ठेगाना : भक्तपुर
सम्पर्क नं : ९८६१५५५२९५

**जापानमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ALGIN CO. LTD.

पूर्व स्वीकृति मिति २०७९/०८/१६ | LT. No.275543 | चलानी नं. ६०१९२५९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ham, sausage & bacon making (Production work of ham, sausage & bacon) | 0 | 6 | 1,50,960 | १,४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २५ गते (11th Dec. 2022) मा हुनेछ ।**

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क/- (०) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**Tenduli International Employment Service Pvt. Ltd.** Govt. License 304/059/60
P.o.Box: 10943, New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977-1-4468734, 4104243
Fax: +977-1-4460562, Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### निगमको मनपरि

मुलुकमा पेट्रोलियम पदार्थको आपूर्ति गर्ने जिम्मेवारी पाएको एक मात्र निकाय नेपाल आयल निगमको मनपरिले उपभोक्ता मारमा परेका छन् । भारतबाट पेट्रोलियम पदार्थको मूल्य बढेर आउनासाथ मूल्यवृद्धि गर्ने निगमले पटक–पटक घटेर आउँदा पनि पुरानै मूल्यलाई कायम राखेको छ । यो नियमित मूल्य समायोजन गर्ने निगमको आफ्नै नीतिविपरीत छ । निगमले विभिन्न बहानावाजी गर्दै मूल्य समायोजन नगरी उपभोक्तामथि शोषण गरिरहेको छ ।

पछिल्लोपटक भारतबाट पेट्रोलियम पदार्थको मूल्य घटेर आए पनि हाल २७ अर्ब रूपैयाँ घाटामा रहेको भन्दै निगमले मूल्य समायोजन नगर्ने बताएको छ । निगमले शुक्रबार एक विज्ञप्ति जारी गर्दै अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पेट्रोलियम पदार्थको मूल्यमा आएको उतारचढावले विगत लामो समयदेखि नोक्सानीमा सञ्चालन हुँदै आएको उल्लेख गरेको छ । इण्डियन आयल कर्पोरेसन लिमिटेडबाट यही १५ मंसिरमा प्राप्त खरिद मूल्यअनुसार एलपी ग्यासको मूल्य केही बढेको तथा पेट्रोल, डिजेल, हवाई इन्धन र मट्टितेलमा केही घटेर आएको निगमले उल्लेख गरेको छ ।

'मंसिर १५ गते पाएको खरिद मूल्यसूचीबमोजिम एलपी ग्यासमा प्रतिसिलिण्डर ४३.९३ रूपैयाँले बढेर आएको छ । एलपी ग्यासमा निगमलाई हाल प्रतिसिलिण्डर २७७.०२ रूपैयाँ घाटा भइरहेको छ,' विज्ञप्तिमा भनिएको छ, 'निगमले इण्डियन आयल कर्पोरेसनलाई हालसम्म तिर्न बाँकी रकम, पुरानो बक्यौता तथा नेपाल सरकारलाई तिर्नुपर्ने ऋणसमेत गरी करिब २७ अर्ब रूपैयाँ तिर्न बाँकी छ ।'

ग्यास सिलिण्डर बिक्रीबाट मात्र निगमलाई १५ दिनमा ३६ करोड ८५ लाख रूपैयाँ घाटा हुने देखिएको निगमले उल्लेख गरेको छ । यता पेट्रोल, डिजेल, हवाई इन्धन र मट्टितेलमा मूल्य घट्दा पनि यथावत् राख्दा १५ दिनमा करिब ५८ करोड रूपैयाँ नाफा हुने निगमको भनाइ छ ।

'हाल अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पदार्थको मूल्य पुनः घटबढ हुने क्रममा रहेको अवस्थामा पेट्रोलियम पदार्थको आपूर्ति सञ्चालन राख्न र इण्डियन आयल कर्पोरेसन लिमिटेडको बक्यौता एवं सरकारलाई उपलब्ध गराइएको ऋणको व्यवस्थापन गर्न निगमलाई चुनौती रहेकाले हाललाई पेट्रोलियम पदार्थको खुद्रा मूल्य यथावत् राखिएको छ,' निगमको विज्ञप्तिमा भनिएको छ ।

निगमको यो निर्णयले पुनः उपभोक्तालाई निराश बनाएको छ । नेतृत्वको कमजोरीका कारण वर्षौंदेखि निगम घाटामा रहेको छ । घाटापूर्ति गर्न भन्दै निगमले सरकारबाट वार्षिक करोडौं अनुदान लिने गरेको छ । तर, निगममा व्यवस्थापकीय सुधार देखिएको छैन । घाटामा रहँदासमेत कर्मचारीलाई बोनस बाँड्ने कार्यले निगम चर्को आलोचित बनेको थियो । अहिले पनि निगमभित्रको बेथिति नियन्त्रणमा आउन सकेको छैन ।

मुलुकमा मूल्यवृद्धि उच्च बन्नुमा पेट्रोलियम पदार्थको मूल्यवृद्धिको भूमिका अग्रस्थानमा छ । सामान ढुवानीदेखि सार्वजनिक यातायातको भाडा वृद्धिले समग्र क्षेत्रलाई प्रभावित पार्ने गर्दछ । पेट्रोलियम पदार्थको मूल्य नघटेसम्म मूल्यवृद्धि नियन्त्रण गर्न सम्भव छैन । त्यसैले आयोगले घाटा देखाएर मूल्य समायोजन नगर्नु व्यावहारिक हुँदैन । आयोगको यस्तो मनपरि नियन्त्रण गर्न सरकारले हस्तक्षेपकारी भूमिका खेल्नुपर्छ । उपभोक्ताको भान्सादेखि समग्र अर्थतन्त्रमा प्रभाव पार्ने पेट्रोलियम पदार्थको मूल्य समायोजन तत्काल गर्न जरुरी छ ।

# आगामी संसद्को कार्यभार



एकराज पाठक

यसपालि पहिलोपटक संसदीय यात्रा तय गरेका अनुहार धेरै छन् । उनीहरूको आगामी कार्यकालको सिकाइ हाम्रो संसदीय परम्पराले नै गर्ने भएकाले संसद्भित्र उनीहरूले असल शिक्षा पाउने अवस्था बनोस् र पुरानाबाट असल संस्कार सिक्ने संस्कार पनि बस्न सकोस् । त्यसैले नेपाल झल्किने विभिन्न जातजाति, भाषा, संस्कृति, भूगोल र इतिहास बोकेका सदस्यको मिश्रण रहेको यो समावेशी संसद्ले अनेकतामा एकताको सन्देशस्वरूप राष्ट्रिय सहमतिका माध्यमबाट राष्ट्र निर्माणको अभिभारा पूरा गर्न सक्नुपर्ने दायित्व छ ।

भनिन्छ, संसदीय व्यवस्थामा राजनीतिक दलहरू सकभर संसद् बाहिरैको अँगेनामा खानेकुरा पकाउने प्रयत्न गर्छन् । यसको अर्थ हो उनीहरू दलीय क्रियाकलाप या राष्ट्रिय मुद्दामै पनि सकेसम्म संसद्को सहारा लिन चाहँदैनन् । बरु संसद्लाई आफूले बाहिरै पकाएको खानेकुरा पस्किने या भाग लगाउने थलोका रूपमा प्रयोग गर्ने ध्येय दलको हुन्छ ।

हाम्रा पनि विगतका कैयौं दृष्टान्तले यो वास्तविकताको पुष्टि गर्न मद्दत पुग्नेछ । कुनै दलको आन्तरिकभन्दा पनि दलीय द्वन्द्व या मुद्दाको समाधान संसद्बाटै निकाल्न सकिने प्रयासमा दलहरू कमै मात्र लाग्ने गरेका छन् । यस्ता विषय उनीहरू संसद्मा ल्याउँदैनन् र अन्यत्रै आन्तरिक छलफल गर्छन् । संसद्मा बहस र पैरवी कम होस् भन्ने चाहन्छन् र पास या फेल गर्नुपर्ने संसद्को बाध्यात्मक प्रयोजन पूर्तिका लागि मात्र त्यहाँ प्रवेश गराउँछन् ।

विगतमा मुलुकका राष्ट्रिय मुद्दामा संसद्मा के-कति छलफल र बहस भयो भनेर खोज्ने हो भने जवाफ भेट्न गाह्रो छैन । संसद्मा व्यापक छलफल या पैरवी हुनुपर्ने कैयौं राष्ट्रिय महत्त्वका विषय तिनको वैधानिक विधिका लागिमात्र संसद् प्रवेश गरेबाट नै यसको पुष्टि हुन्छ । संसद्मा बहुमत प्राप्त कुनै राजनीतिक दलले कानुन निर्माणको मुख्य थलो संसद्मा लाहाछाप लगाउनका लागि मात्र यस्ता मुद्दा संसद् प्रवेश गराउने र ती विषयमा त्यहाँ व्यापक र आवश्यक मात्रामा छलफल नहुने गरेको नेपालको संसदीय अभ्यासमा यो प्रवृत्ति देख्न सकिन्छ । त्यसैले नेपालमा यस्तो प्रवृत्ति नबढोस् र नेपाली जनता र राष्ट्रिय मुद्दामा संसद्मा नै आवश्यक छलफल होस् भन्ने विषयलाई आगामी संसद्ले आफ्नो कार्यभारका रूपमा लिनुपर्ने देखिन्छ ।

**विपक्षीको सत्ता संसद्**

संसद्लाई विपक्षी दलको सत्ताका रूपमा स्वीकारिन्छ । जुनसुकै प्रजातान्त्रिक मुलुकको मान्यता यही हो । यहाँ विपक्षीका आवाज बुलन्द हुन्छन् र त्यो आवाज सत्ताले स्पष्ट सुन्नुपर्छ । त्यसैले संसद्मा सरकारका मन्त्रीहरूको उपस्थितिलाई अनिवार्य मानिएको हुन्छ । सके सबै र नसके कुनै न कुनै मन्त्री संसद्मा उपस्थित हुनुपर्ने व्यवस्था छ । किनभने, मन्त्रीहरूले नै संसद्का विपक्षी आवाजलाई सरकारसमक्ष पुऱ्याउने गर्दछन् ।

सरकारप्रति या देशका विषयमा विपक्षी दलहरूले के कुरा या माग राखे भन्ने कुरा उनीहरूले सरकारसमक्ष पुऱ्याउँछन् र त्यस विषयमा सरकारले आवश्यक कारबाही अघि बढाउँछ । अनि विपक्षीले जनताका कुरा राखे राखेनन् या संसद्मा राखेका कुरा मन्त्रीले सरकारसम्म पुऱ्याए, पुऱ्याएनन् भन्ने कुराको निगरानी मिडियाले गर्छ । त्यसैले हरेक प्रजातान्त्रिक देशको संसद्मा मिडिया पनि उपस्थित हुन्छ । सरकार र संसद्का काम कारबाही मात्र नभएर सरकार र दलका क्रियाकलापको पनि मिडियाले चनाखो भई निगरानी गरेको हुन्छ ।

यसकारण मिडियालाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका पछिको चौथो अंगका रूपमा स्वीकारिएको हो । यसरी संसद्भित्रका सांसदका क्रियाकलाप पारदर्शीरूपमा बाहिर आउने गर्दछन् । संसद् जनताका मुद्दा उठाउने र मुलुकका लागि कानुन बनाउने सार्वजनिक ठाउँ भएकाले संसद्भित्र विधायकका क्रियाकलापलाई मिडियाले बढी नै चासोका साथ हेरेको हुन्छ । संसद्प्रति नागरिकको चासो पनि अरु निकायमाभन्दा बढी नै देखिन्छ ।

संसद् सरकार निर्माण गर्ने निकाय भएकाले आफूले बनाएको सरकारले सही ढंगले काम गऱ्यो या गरेन भनेर संसद्ले निगरानी गर्नुपर्छ । संसद्मा यो काम विपक्षी दलका सांसदको मात्र नभएर सत्तापक्षको पनि हो । सरकारका कामको निगरानी तथा सन्तुलत र नियन्त्रण (चेक एण्ड ब्यालेन्स) गर्न सक्यो भने मात्र त्यो संसद्ले असल संसदीय अभ्यास गरेको प्रमाणित हुन्छ । अन्यथा त्यस देशको संसद् जनताका मुद्दा तथा राष्ट्रिय सरोकारका विषयभन्दा पनि सरकार बनाउने र ढाल्ने अनि अर्को सरकार बनाउनेमा मात्र सीमित हुनेछ । अबको अर्थात् आगामी संसद् विगतकै र यस्तै परम्परावादी संसद् नबनोस् भन्ने यो आलेखको आशय हो । यतिबेला पहिलेकोभन्दा जनता र राष्ट्रका मुद्दा बग्रेल्ती थुप्रिएकाले पनि आगामी संसद्ले परम्परामात्र नधानोस् भन्ने चाह आफूलाई चुन्ने आममतदाताको रहेकामा सांसदहरू जानकार हुनु जरुरी छ । यो पनि आगामी संसद्को अर्को एउटा कार्यभार हो ।

**द्वन्द्व समाधानको थलो**

कुनै पनि देशको निर्वाचन द्वन्द्व समाधानको प्रक्रिया हो भने संसद् त्यसको थलो । हिजो हामीले सम्पन्न गरेका कैयौं निर्वाचनको मक्सद विश्लेषण गर्दा यो स्पष्ट हुन्छ । जस्तो कि वि.सं. २०३६ को जनमत संग्रह त्यस समय नेपालमा पञ्चायती व्यवस्था या बहुदलीय व्यवस्था कायम गर्ने भन्नेबारेमा गरिएको थियो । यही विषयमा जनमत संग्रह आवश्यक किन पऱ्यो त ? त्यसको करिब २० वर्षअघि राजा महेन्द्रले मुलुकको पहिलो जननिर्वाचित सरकारलाई अपदस्थ गरेर जबर्जस्तरूपमा पञ्चायती व्यवस्थाको घोषणा गरेका थिए । तर, नेपाली कांग्रेससहित राजनीतिक दलले भने बहुदलीय अर्थात् प्रजातान्त्रिक व्यवस्थाको माग गरेर भूमिगतरूपमा नै आफ्ना क्रियाकलाप जारी राखेका थिए । मुलुकमा प्रजातन्त्रको माग सरकारले थेग्नसक्ने अवस्था नरहेपछि यो प्रस्ताव सरकारबाटै आयो । जनमत संग्रह भयो, पञ्चायती व्यवस्थाले जित्यो ।

निर्वाचन के कसरी गरियो र त्यसको निष्पक्षता र विधि के थियो भन्ने विषयलाई यो आलेखमा प्रस्टचाउन गाह्रो पर्दछ । त्यस्तै के त्यो निर्वाचनले त्यसबेलाको सत्ताको समस्या समाधान गर्न सक्यो या द्वन्द्वको समाधान भयो त ? यो प्रश्नको जवाफ पनि यो आलेखको आशय होइन । तर, यहाँ के मात्र भन्न सकिन्छ भने पञ्चायती व्यवस्थाले त्यसबेला कम्तीमा १० वर्ष आयु लम्ब्यायो । त्यो जनमत संग्रहले मुलुकको समस्याको दिगो समाधान या तत्कालको द्वन्द्व समाधान नभए पनि मत्थर पार्ने प्रयत्न भने गऱ्यो । पञ्चायत र बहुदलीय व्यवस्था दुवैले जिते । पञ्चायतले आफ्ना पक्षमा बहुमत पाएको प्रचार गऱ्यो भने यता बिपी कोइरालाजस्ता नेताहरूले पनि व्यवस्थाले धाँधलीरहित निर्वाचन गर्न नसके पनि बहुसंख्यक नेपालीले आफ्ना एजेण्डालाई अनुमोदन गरेको महसुस गरे । बहुसंख्यक नेपाली जनताले जनमत संग्रहका माध्यमबाट मुलुकमा बहुदलीय व्यवस्थाको मागलाई अनुमोदन गरेका बहुदलीय नेताहरूले बताए ।

नेपालमा सम्पन्न संविधानसभा निर्वाचन द्वन्द्व समाधानका लागि गरिएको अर्को एउटा निर्वाचन थियो । एक दशकदेखि जारी माओवादी सशस्त्र द्वन्द्वको समाधानका लागि अघि सारिएको एक निकास निर्वाचन थियो । यही निर्वाचन गर्ने सर्तमा माओवादीले १० वर्षे द्वन्द्वको अन्त्यको घोषणा गऱ्यो । हतियार र सेनाको व्यवस्थापन गरेर शान्ति प्रक्रियामा आयो । संविधानसभा निर्वाचनमा सहभागी उनीहरू सत्तामै पुगे र आफ्नै हातले आफ्ना हतियार र सेनाको व्यवस्थापन गरेर दिगो शान्तिको मार्गमा अघि बढे । सायद द्वन्द्व समाधानको यस्तो सफल उदाहरण संसारमा विरलै भेटिएला । विश्वमा द्वन्द्व विषयका शोधार्थी, विद्यार्थी तथा अनुसन्धाताका लागि हाम्रो यो मोडल एक उत्कृष्ट उदाहरण हुनसक्छ । एक दशकदेखि हजारौं नागरिकको ज्यान लिएको र आर्थिक सामाजिकरूपमा देशलाई शिथिल बनाएको द्वन्द्वको समाधान संविधानसभा निर्वाचनपछि मात्र सम्भव भयो ।

जनमतमा कति तागत छ, निर्वाचनको कति महत्त्व छ भन्ने तथ्य हाम्रै माटोका यी दुई दृष्टान्तले पनि पुष्टि गर्दछन् । त्यसैले आगामी संसद्को कार्यभार मुलुकको द्वन्द्व समाधान पनि हो भनेर बुझ्नु जरुरी छ । हामीकहाँ अहिले हतियारको द्वन्द्व छैन, त्यस्तो विवादको व्यवस्थापन गर्नुपर्ने दायित्व यो संसद्को काँधमा पनि छैन । तर मानवीय द्वन्द्व अन्त्यहीन छ भनेर भने बिर्सनु हुँदैन । कार्लमार्क्सको सिद्धान्तजस्तै जबसम्म मानिसका बीचमा वर्ग रहन्छ त्यतिञ्जेल द्वन्द्व कायमै रहन्छ । त्यसैले आइपरेमा त्यस्तो द्वन्द्वको समाधान एवं यतिमात्र नभएर कुनै पनि प्रकारका द्वन्द्व उत्पन्न हुनेगरी कानुनको निर्माण नगर्नु पनि द्वन्द्वको समाधान हो । त्यसैले यसका लागि संसद्लाई जनताको आवाज गुञ्जिने थलोका रूपमा प्रयोग गरिनुपर्छ । जुन देशको संसद्मा बढीभन्दा बढी जनताका आवाज गुञ्जिन्छन् र जनताका आवाजको सुनुवाइ हुनसक्छ ती देशमा आन्दोलन, हिंसा या सडक संघर्ष पनि कमै मात्र हुने गर्दछ । त्यतिमात्र होइन जनताका विद्रोह र आक्रोशलाई पनि मत्थर पार्नसक्ने शक्ति पनि संसद्सँग छ । यसैले जनताका असन्तुष्टि र आवश्यकतालाई राज्यका निकायसँग विधायकले जतिधेरै 'भेन्टिलेट' गर्नसक्यो र जति धेरै उनीहरूका चासोमा पैरवी गर्नसक्यो त्यति नै मुलुकको द्वन्द्व समाधानमा सहयोग पुग्नेछ । यसकारण संसदीय व्यवस्थामा संसद्लाई द्वन्द्व समाधानको थलोका रूपमा लिइएको हो ।

**राष्ट्रिय सहमति निर्माण**

मुलुक यतिखेर राष्ट्रिय सहमतिको खोजीमा छ । त्यसो त संविधानसभाको निर्वाचनदेखि नै मुलुकले सहमतिको यात्रा तय गरेको हो । त्यसयताका प्रायःसरकार कुनै एक दलको मात्र नभई सहमतिका आधारमा बन्नुले सहमतिको एजेण्डालाई पारित गर्दै आएका हुन् । अर्को कुरा, जबसम्म अहिलेको निर्वाचन प्रणाली कायम रहन्छ त्यतिञ्जेल कुनै पनि राजनीतिक दलले संसद्मा स्पष्ट बहुमत हासिल गरेर एकल सरकार निर्माण सम्भव छैन । यसको अर्थ पनि धेरै दलको सहभागितामा सरकार निर्माण हो र यस्तो सरकारको अर्थ पनि सहमतिका आधारमा देश सञ्चालन गर्नु भनेको हो । यही 'म्याण्डेट' हो यो संसद्को पनि । यसपटक त झन् पहिलोपटक संसदीय यात्रा तय गरेका अनुहार पनि धेरै छन् ।

उनीहरूको आगामी कार्यकालको सिकाइ हाम्रो संसदीय परम्पराले नै गर्ने भएकाले संसद्भित्र उनीहरूले असल शिक्षा पाउने अवस्था बनोस् र पुरानाबाट असल संस्कार सिक्ने संस्कार पनि बस्न सकोस् । त्यसैले नेपाल झल्किने विभिन्न जातजाति, भाषा, संस्कृति, भूगोल र इतिहास बोकेका सदस्यको मिश्रण रहेको यो समावेशी संसद्ले अनेकतामा एकताको सन्देशस्वरूप राष्ट्रिय सहमतिका माध्यमबाट राष्ट्र निर्माणको अभिभारा पूरा गर्न सक्नुपर्ने दायित्व छ । सरकार निर्माण गर्ने यो संस्थासँग कुनै एक दलले मात्र सरकार बनाउने अवस्था नरहेकाले राष्ट्रिय सहमतिको निर्माण प्रमुख दायित्व हो र यसरी सरकार निर्माणका निम्ति निर्मित सहमतिलाई राष्ट्र निर्माणमासमेत कुशल प्रयोग यो संसद्को अर्को कार्यभार हो । देश बनाउन ढिला भइसकेको सन्देश दिएर पछिल्लो जनादेशमार्फत नेपाली जनताले खोजेको सुशासन, द्रुत आर्थिक विकास, राजनीतिक स्थिरता, सरकारको स्थायित्वका लागि तय गर्नुपर्ने यात्रामा पनि राष्ट्रिय सहमतिको निर्माण एक सारथी बन्न सक्नेछ ।

## मननयोग्य

### चाणक्य नीति

तब युनान र भारतको यस्तो भावना र सम्बन्ध बाँधिन्छ जुन तोड्न कसैबाट सम्भव हुँदैन र इतिहासमा यो सधैँ यादगार भइरहन्छ । मैले आफ्नो कुरा तपाईलाई भने अब निर्णय तपाईको । तपाई आफ्नी छोरीसँग पनि राम्रोसँग सलह गर्नुहोस्, त्यसपछि तपाईको स्वागत छ ।

यसरी सेल्युकस यी महापुरुषको यस्तो दूरदर्शी प्रस्तावको रहस्यमा डुब्दै अतिगृहतर्फ लागे जहाँ राजकीय सम्मानसहित उनलाई र उनकी छोरीलाई राखिएको थियो ।

सेल्युकसमा अतिथिगृहमा पस्नासाथ देखे-छोरी रोइरहेकी छन् । उनलाई सान्त्वना दिन उनको शिरको चुम्बन सारा गर्दै भने- 'यत्रो रक्तपात भयो । हामीले के पायौं, आज म बन्दी छु । त्यो त धन्य छ यो देश, जो शत्रुका साथ अतिथिजस्तो व्यवहार गरिरहेको छ ।

छोरी ! म तिमीसँग एक कुरा सोध्छु, सङ्कोच नगरी उत्तर देऊ । म आफैं निर्णय गर्ने स्थितिमा छैन । म चाहान्छु जो उत्तर दिन्छौ सोचेर देऊ ।

मलाई राजसभामा आचार्य चाणक्यसँग कुरा गर्ने अलग अवसर मिल्यो । उनले मलाई भने चन्द्रगुप्तसँग तिमी तिम्ो सम्बनध छ, मसँग तिम्रो र चन्द्रगुप्तको विवाह-प्रस्ताव राखे । के मित्रताको रूपमा यो सम्बन्ध स्वीकार गरौं ?

तपाईको कुरा सत्य हो, चन्द्रगुप्तप्रति मेरो अनुराग उहाँ पनि मलाई प्यार गर्नुहुन्छ तर म पनि चाणक्यसँग डर मान्छु चाणक्य युगका चतुर कूटनीतिकै भाग नहोस् ?

हुन सक्छ, तर उनका चेहरा कुराका इसले यस्तो प्रतीत भएको देखिएन । हेलनले भनिन्- 'के धर्म यो सम्बन्धमा बाधक त बन्दैन ? त म सम्झन्छु चाणक्यसँग बहस गर्न कोही पनि अगाडि पर्दैन, उनको आँखा र वाणीमा यस्तो तेज छ कि विपक्षी टिक्नै सक्तैन', सत्यकसले भने ।

यता चाणक्यले चन्द्रगुप्तको मन्तव्य पनि जाने । चन्द्रगुप्तको अन्तिम ईच्छा जानी हेलेनसँग विवाह हुने आशा प्रकट गरिदिए ।

क्रमश :

## पत्र–मञ्जुषा

### एमाले हारको प्रतिशोध बालेनमाथि !

काठमाडौं, भक्तपुर र ललितपुरमा जम्मा १५ वटा निर्वाचन क्षेत्र छन् । मंसिर ४ गतेको चुनावमा नेकपा एमालेले काठमाडौं निर्वाचन क्षेत्र नम्बर ९ र ललितपुर निर्वाचन क्षेत्र नम्बर २ मात्र हात पाऱ्यो । अन्य सबै क्षेत्र एमालेले गुमायो । २०४८ देखि २०७४ सालसम्म निरन्तर चुनाव जित्दै आएको क्षेत्रबाट पनि एमालेले हार बेहोर्नुपऱ्यो । यसपालिको चुनावमा एमाले धेरै क्षेत्रबाट पराजित भयो ।

एमालेले काठमाडौंमा चुनाव हार्नुमा महेश बस्नेतको अभिव्यक्तिले ठूलो काम गरेको छ । उनले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहलाई 'ठीक पार्ने' भन्दै धम्क्याएका थिए । बस्नेतले मेयर शाहलाई चुनौती दिएका थिए । उनलाई त्यति गाली गर्दा वा तर्साउन खोज्दा काठमाडौंका मतदाताले एमालेलाई ठीक पारिदिए । यता, भक्तपुर क्षेत्र नम्बर २ बाट बस्नेत पराजित हुनुको कारण पनि यही हो ।

मेयर शाहलाई गाली गरेपछि त्यो कुराले काठमाडौंको मात्र नभई भक्तपुरका जनताको पनि मनमा परेको थियो । भक्तपुरका मतदाताले त्यसैले बस्नेतलाई ठीक ठाउँ देखाइदिएका हुन् । राजनीतिक दलका मेयरले केही काम नगरेपछि काठमाडौंका मतदाताले स्वतन्त्र चुनेका थिए । बालेनलाई ६३ हजार १६७ मत दिएर विजयी गराएका थिए । बालेनले विजयी हुनेबित्तिकै देशभरका जनता उत्साहित भएका थिए ।

उनले मेयरको शपथ खानेबित्तिकै आफ्नो कामलाई अघि बढाए । उनको काम देखेर देशभरका जनता हर्षित भएका थिए । उनले सबैको ध्यान आफ्नोतिर खिचेका थिए । काठमाडौंका मतदाताको शिर ठाडो भएको छ । बच्चादेखि बुढासम्म सबै बालेनको पक्षमा देखिन्छन् । आफू जुनसुकै पार्टीको भए पनि आखिर सबैलाई चाहिएको त विकास नै हो । त्यसैले पनि बालेनले के गर्छन् ? भनेर जनता पर्खिरहेका हुन्छे ।

चिया पसल, चौतारा, सार्वजनिकस्थल सबैतिर बालेनकै चर्चा थियो । बालेनजस्तो व्यक्तिले देशको मुहार फेर्छन् भन्नेमा जनता निकै नै आशावादी थिए । बालेनलाई असफल बनाउनका लागि एमालेका केशव सिंह र नेपाली कांग्रेसकी सिर्जना सिंहले फोहोरमा पनि राजनीति गरे । आफू पराजित भएको आवेग त यिनीहरूमा थियो नै । तर, यसको मार जनताले खेप्नुपऱ्यो ।

बालेनलाई फोहोर उठाउन दिएनन् । तर, उनी हरेक चुनौती र योजनालाई चिर्दै आफू अघि बढे । खुट्टा तान्दातान्दै पनि उनले फोहोर उठाएरै छाडे । फुटपाथभरि पसल सञ्चालनमा थियो । उनले त्यो हटाए । अहिले पैदलयात्रीलाई निकै सहज भएको छ । यता, उनले बेसमेण्ट पार्किङ पनि खाली गराएरै छाडे । काठमाडौंमा लामो समयदेखि पार्किङको समस्या थियो ।

तर, अहिले त्यसमा कमी भएको छ । बालेनले बेसमेण्ट पार्किङमा पार्क नै गर्नुपर्ने नियम बनाइदिए । वर्षौंदेखि नउठेको कर उठाउन पनि उनी सफल भए । व्यापार व्यवसायलाई अनिवार्य दर्ता गर्नुपर्ने नियम लागू गरे । सहकारीहरूले विगत लामो समयदेखि सर्वसाधारण ठग्दै आएका थिए । यसको छानविन गर्नका लागि उनले कमिटी गठन गरेका छन् । यता, सरकारी जग्गा मिचेर वा अतिक्रमण गरेर बनाइएका संरचना हटाउन पनि अघि बढेका छन् ।

काठमाडौंका मतदाताको मत खेर नजानु नै सबैभन्दा ठूलो कुरा हो । बालेनले मतदातालाई खुसी बनाए । उनले चुनाव जितिसकेपछि हालै मात्र सम्पन्न निर्वाचनमा स्वतन्त्रहरूको ओइरो नै लाग्यो । रवि लामिछानेजस्तो व्यक्तिले बालेनलेजस्तै काम गरेर देखाउँछौं भनेर भोट मागे । एमाले र महेश काठमाडौंमा चुनाव हारेको रिस बोकेर बसेका छन् । बालेनकै कारणले मैले चुनाव हारे भनेर बस्नेतको मनमा परेको छ ।

यता, एमालेका नेताहरू बस्नेतले त्यति भन्दा आफ्नो सिट गुमेको बताइरहेका छन् । जब बालेनले थापाथलीस्थित सुकुम्बासी बस्ती हटाउन डोजर र महानगर प्रहरी पठाएका थिए । एमालेका कार्यकर्ता, पार्टी अध्यक्ष केपी शर्मा ओलीसम्मले विरोध गरे । यो भनेको बालेनलाई असफल बनाउने प्रयास हो । तर, अब जनताले बुझिसकेका छन् कसले कसका लागि काम गर्छ भन्ने । त्यसैले बालेन आफ्नो अभियानमा रोकिने छैनन् । कुनै दल वा नेताले उनको अभियानलाई असफल बनाउने कुरा अब सम्भव छैन ।

*- अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**खानेपानी ल्याउन श्रमदान** | चितवनको भरतपुर महानगरपालिका-१ रामनगरमा खानेपानी ल्याउन भरतपुर-२९ खहरे खोलास्थित मुहानमा श्रमदान गर्दै प्रहरी र स्थानीय । *तस्बिर: कृष्ण आचार्य/रासस*

# चिसोले मुगुमा पहिरोबाट विस्थापितको बिचल्ली

**गमगढी (मुगु)**- चिसो बढ्दै गएपछि मुगुको छायाँनाथ रारा नगरपालिका-११ का पहिरोपीडितको बिचल्ली भएको छ । गत असोज तेस्रो साता यहाँ पहिरोले घर पुरिँदा स्थानीयको बिचल्ली भएको थियो । पीडित परिवार हाल त्रिपाल हालेर बस्दै आएका छन् ।

बाढीपहिरोबाट विस्थापित छायाँनाथ रारा नगरपालिकाका चार गाउँका बासिन्दा गाउँ नजिकैको जंगलमा त्रिपाल हालेर बसेका छन् । 'चिसो निकै बढ्यो, त्रिपालमुनि बास बस्न सकिने अवस्था छैन,' पीडित शेरसिंह भर्गीले भने, 'गाउँमा घर पहिरोले पुरियो, अब बस्न कता जाने होला ।'

त्रिपालभित्रको बसाइँ कष्टकर बनेको पीडित परिवारले बताएका छन् । बाढीपहिरोबाट झयारी, सिगाडी, घुइर, तल्लो सालिमलगायत बस्तीमा ठूलो संख्यामा स्थानीयवासी विस्थापित भएका छन् । बाढी प्रभावित क्षेत्रका बान्दिालाई सरकारले राहत र पुनःस्थापनाका लागि कुनै पहल नगरेको उनीहरूले बताएका छन् ।

'जाडोले बिरामी परिने डर छ, बालबालिकालाई जोगाउन गाह्रो भएको छ,' त्रिपालमुनि बस्दै आएकी बालिकन्या बोहराले भनिन्, 'न्यानो कपडासमेत छैन, कहिँकतैबाट सहयोग पाइएको छैन ।'

चिसो मौसम सुरु भएसँगै सालीमका ६२ परिवार सबैभन्दा बढी समस्यामा छन् । छायाँनाथ रारा-११ तल्लो सालीमा, वडा नं ८ झचारी र सिगाडी तथा वडा नं ७ घुइरका स्थानीय घर पहिरोले पुरिएपछि अहिले त्रिपालभित्र कष्टकर दैनिकी बिताउन बाध्य छन् । स्थानीयमा आँखा पाक्ने, पेट दुख्ने, टाउको दुख्नेलगायत समस्या देखापरेको स्थानीय बेलधरा कुमाइले बताए ।

असोजमा गएको पहिरोका कारण छायाँनाथ रारा नगरपालिका साथै सोरु र खत्याड गाउँपालिकाका विभिन्न बस्तीमा स्थानीय विस्थापित भएका थिए । विद्यार्थीको पठनपाठनमा समस्या भएको स्थानीयले बताएका छन् । पहिरोमा पुरिएर सालिमा गाउँका आठ जनाको ज्यान गएको थियो । नवनिर्वाचित संघीय सांसद ऐनबहादुर शाही र प्रदेशसभा सदस्य जितबहादुर मल्लले पहिरोबाट विस्थापित परिवारको राहत तथा पुनःस्थापनाका लागि पहल गर्ने बताएका छन् । *रासस*

# मनाङमा लैंगिक हिंसा शून्य

**मनाङ (प्रस)**- हिमाली जिल्ला मनाङमा चालु आर्थिक वर्षको पहिलो चौमासिकमा लैंगिक हिंसाको उजुरी परेको छैन । प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यका अनुसार साउनदेखि हालसम्म कुनै पनि लैंगिक हिंसाका मुद्दा परेका छैनन् ।

गत आर्थिक वर्षमा भने जिल्लामा तीन मुद्दा दर्ता भएका थिए । लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत जिल्ला प्रशासन कार्यालयद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा प्रजिअ आचार्यले लैंगिक हिंसाका उजुरी कम पर्ने जिल्लाको रूपमा मनाङ पर्ने जानकारी दिए । 'यहाँ महिलाप्रधान समाज छ । गाउँमा घटेका कतिपय घटना गाउँघरमै मिलाउनुपर्छ भन्ने मान्यता छ,' उनले भने ।

प्रहरी नायव उपरीक्षक प्रेम सागर केसी गाउँमै मिलापत्र गर्ने र नसक्ने अवस्थामा मात्रै प्रहरीलाई गुहार्ने गरिएको बताउँछन् । 'प्रहरीसम्म उजुरी एकदमै न्यून आउने गरेको छ,' उनले भने । कतिपय घटना समाजमै लुकेर रहने उनको भनाइ छ । समय समयमा यस्ता घटना उजागर गर्न, पीडितलाई न्याय, पीडकलाई कानुनी दायरामा ल्याउन प्रहरीले सचेतनाको कार्यक्रम गर्दै आएको छ ।

कार्यक्रमका सहभागीले जिल्लामा हिंसाका घटना सार्वजनिक हुन नसकेको अवस्था रहेकाले चेतना अभिवृद्धिको खाँचो रहेको औंल्याएका थिए ।

### मधेस प्रदेशमा सरकार बनाउन रस्साकस्सी

# मुख्यमन्त्रीमा आधा दर्जन आकांक्षी

**जनकपुरधाम**- मधेस प्रदेशसभा सदस्यको प्रत्यक्षतर्फको मतगणना सकिएसँगै सरकार नेतृत्वको रस्साकस्सी सुरु भएको छ । प्रदेशमा प्रत्यक्षतर्फ सत्ता गठबन्धनले सामान्य बहुमत प्राप्त गरेको छ । यद्यपि, दलगत हिसाबमा नेकपा एमाले पहिलो र नेपाली कांग्रेस दोस्रो दल बनेका छन् भने समानुपातिकतर्फ कांग्रेस पहिलो र एमाले दोस्रो भएका छन् ।

मधेस प्रदेशमा सत्ता गठबन्धनका दलले प्रत्यक्ष र समानुपातिक गरी ४६ सिट जितेका छन् । जसमा नेपाली कांग्रेसले प्रत्यक्षतर्फ १३ र समानुपातिकमा नौ गरी कूल २२ सिट जितेको छ भने लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले प्रत्यक्षमा सात र समानुपातिकमा दुई गरी नौ सिट जितेको छ । त्यसैगरी नेकपा एकीकृत समाजवादीले प्रत्यक्षमा चार र समानुपातिकमा तीन गरी सात सिट जितेको छ भने नेकपा माओवादी केन्द्रले प्रत्यक्षमा चार र समानुपातिकमा चार गरी कूल आठ सिट जितेको छ ।

त्यसैगरी एमाले र जनता समाजवादी पार्टी (जसपा) गठबन्धनले प्रत्यक्ष र समानुपातिक गरी ३८ सिट जितेको छ । जसमा एमालेले प्रत्यक्षमा १५ र समानुपातिकमा आठ गरी २३ सिट र जसपाले प्रत्यक्षतर्फ नौ रसमानुपातिकमा छ गरी १५ जितेको छ ।

प्रदेशमा प्रत्यक्षतर्फ ६४ र समानुपातिकतर्फ ४३ गरी १०७ सिट संख्या छ । सरकार बनाउन सामान्य बहुमतका लागि कम्तीमा ५४ सिट आवश्यक पर्छ । यसका लागि जनमत पार्टी र स्वतन्त्र उम्मेदवारलाई समावेश गराउनुपर्ने बाध्यता दुवै गठबन्धनलाई छ ।




पहिलोपटक निर्वाचनमा सहभागी भएको जनमत पार्टीसँग प्रत्यक्षमा छ र समानुपातिकमा सात गरी १३ सिट संख्या छ भने प्रदेशमा छ जना स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन् । यस आधारमा सत्ता गठबन्धनलाई सरकार बनाउन आठ सांसद आवश्यक छ भने एमाले गठबन्धनलाई १६ सांसद आवश्यक पर्छ । तर, बिहीबार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र जनमत पार्टीका अध्यक्ष सिके राउतबीच सत्ता गठबन्धनमा आउनका लागि सहमति भएसँगै सत्ता गठबन्धनकै सरकार बन्ने सम्भावना बढेको छ ।

यसैबीच राजनीतिक दलहरूबीच को मुख्यमन्त्री हुने भन्नेमा पनि चर्चा सुरु भएको छ । नेकपा एमालेका मधेस प्रदेश सहइन्चार्ज सुमनराज प्याकुरेल पहिलो दलका हिसाबले आफ्नो पार्टीको सरकार बन्नुपर्ने बताउँछन् । एमालेभित्र मुख्यमन्त्रीका लागि डा. सरोज यादव, रामचन्द्र मण्डल, राजकुमार लेखीको नाम चर्चामा छ ।

त्यस्तै, नेपाली कांग्रेस मधेस प्रदेशका सूचना तथा सञ्चार विभाग प्रमुख नितेशकुमार गुप्ताले मुख्यमन्त्रीका प्रबल दावेदार प्रदेश सभापति एवं प्रदेशसभा सदस्य कृष्णप्रसाद यादव रहेको बताए । यादवकै नेतृत्वमा सरकार बन्नुपर्ने गुप्ताको दाबी छ । यद्यपि, कांग्रेसभित्र पनि रामसरोज यादव, वीरेन्द्रप्रसाद सिंह मुख्यमन्त्रीका आकांक्षी छन् ।

यस्तै, जनता समाजवादी पार्टीबाट सरोजकुमार यादव, राजकुमार गुप्ता, रामअषिस यादवको नाम मुख्यमन्त्रीका रूपमा चर्चामा छ । *रासस*

# मधेस मिडिया काउन्सिलका अध्यक्ष भट्टराई मृत फेला

**सर्लाही (प्रस)**- मधेस प्रदेश मिडिया काउन्सिलका अध्यक्ष शिवहरि भट्टराई मृत फेला परेका छन् । सर्लाहीको लालबन्दी नगरपालिका-१३ पत्थरकोटस्थित होलिडे रिसोर्टमा उनी शनिबार मृत फेला परेका हुन् ।

भट्टराई शुक्रबार बेलुका उक्त रिसोर्टमा बसेका थिए । नेपाल पत्रकार महासंघ सर्लाही शाखाको ११औं वार्षिक साधारणसभामा सहभागी हुन ६७ वर्षीय भट्टराई सर्लाही आएको शाखाका सचिव सुनिल ठाकुरले जानकारी दिए । साधारणसभा शनिबार उक्त रिसोर्टमा गर्ने कार्यक्रम तय भएको थियो ।

सप्तरी घर भएका भट्टराई मधेस प्रदेश मिडिया काउन्सिलको अध्यक्ष भएपछि जनकपुर बस्दै आएका थिए । शुक्रबार राति खाना खाएर सुतेका भट्टराई बिहान अबेरसम्म नउठेपछि बोलाउन जाँदा ढोका नखोल्दा झचालबाट हेर्दा मृत अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेको नेपाल पत्रकार महासंघ सर्लाही शाखाका अध्यक्ष टंकबहादुर क्षेत्रीले बताए ।

रिसोर्टमा मृतक भट्टराईसहित अन्य सञ्चारकर्मीसमेत शुक्रबारदेखि सँगै बसेका र सुत्ने क्रममा भट्टराई छुट्टै कोठामा सुतेका उक्त रिसोर्टका सञ्चालक विमल नगरकोटीले बताए । भट्टराईको रिसोर्टकै कोठामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायव उपरीक्षक विजय श्रेष्ठले जानकारी दिए । भट्टराई बसेको कोठामा उक्तचाप र मधुमेह रोगको औषधिसमेत फेला परेको उनले बताए ।

भट्टराईको शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलंगवा लगिएको इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक शान्तराम कार्कीले जानकारी दिए ।



# करेन्ट लागेर मृत्यु

**काठमाडौं (प्रस)**- बझाङ र सुर्खेतमा करेन्ट लागेर एक/एक जनाको मृत्यु भएको छ । प्रहरीका अनुसार बझाङको छबिसपाथिभेरा गाउँपालिका-१ बगडगाउँ बस्ने ४० वर्षीय शिवहरि गिरीको करेन्ट लागेर शुक्रबार दिउँसो मृत्यु भएको हो । उनी सडक विभागका सडक सफा गर्ने कर्मचारी हुन् ।

सडक नजिकै रहेको रुखको हाँगा काट्ने क्रममा विद्युत्को तारमा छुन जाँदा करेन्ट लागेर गम्भीर घाइते भएका गिरीको उपचारका लागि जिल्ला अस्पताल बझाङतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

यसैगरी सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१० घुस्रा बस्ने ४० वर्षीय भीमबहादुर चौधरीको पनि करेन्ट लागेर मृत्यु भएको छ । शुक्रबार दिउँसो आफ्नै घरको छतमा टिन तान्ने क्रममा विद्युत्को मुख्य लाइनमा छुन जाँदा करेन्ट लागेर गम्भीर घाइते भएका उनको कर्णाली प्रदेश अस्पताल कालागाउँ सुर्खेतमा उपचारको क्रममा मृत्यु भएको हो ।

# आगलागीबाट लाखौंको धनमाल नष्ट

**काठमाडौं (प्रस)**- मुलुकको विभिन्न स्थानमा भएको आगलागीबाट लाखौंको धनमाल जलेर नष्ट भएको छ । कैलालीको जानकी गाउँपालिका-५ पथरैया बस्ने महमद युनिस जागाको न्यू मदार स्टोर किराना होलसेल पसलको गोदाममा विद्युत्को तार सर्ट भई शनिबार बिहान आगलागी हुँदा गोदामको सम्पूर्ण सामान जलेको प्रहरीले जनाएको छ । उक्त आगलागीमा परी करिब १२ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको प्रारम्भिक अनुमान छ ।

यस्तै सिरहाको मिर्चैया नगरपालिका-२ मलेनिया बस्ने नन्द किशोर महत्तोको जगत नन्दनी जडीबुटी (सञ्चो भिक्स उत्पादन गर्ने) उद्योगमा शुक्रबार राति आगलागी हुँदा करिब दुई लाख रूपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

प्रहरीले स्थानीय बासिन्दा र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै ती दुवै घटनाका सम्बन्धमा थप अनुसन्धान गरिरहेको जनाएको छ ।


## अधिकृत वारेसनामा वदर गरिएको सूचना

**प्रकाशित मिति : २०७९/०८/१४**

जि. सुनसरी धरान उ.म.न.पा. वडा नं. ८ बस्ने जन हाङ लिम्बुकी नातिनी शेर बहादुर लिम्बुकी छोरी वर्ष ४९ की भगवती लिम्बु (ना.प्र.नं. ८३६२/३९००/६३८४/५४१५, मिति २०४४।५।१७ जि.प्र.का. सुनसरी) ले श्री सुनसरी जिल्ला अदालतबाट मिति २०७४।७।२८ मा अधिकृत वारेसनामा प्रमाणित गरी जि. सुनसरी धरान उ.म.न.पा. वडा नं. ८ बस्ने जन हाङ लिम्बुको नाती शेर वहादुर लिम्बुको छोरा वर्ष ५० को शिव कुमार लिम्बु (ना.प्र.नं. ८१२०/१३३४४/१५३४४, मिति २०४८।११।२९ जि.प्र.का. सुनसरी) लाई जि. सुनसरी घोपा गा.वि.स. वडा नं. ३ कि.नं. १४०५ क्षे.फ. ०-१-० कित्ता १ र ऐ. एकम्बा गा.वि.स. वडा नं. २ क कि.नं. २८६ कि.नं. २८६ क्षे.फ. १-११-१७^(१/२) कित्ता १ समेत २ कित्ता जग्गाहरु बिक्री राजीनामा गरी हक छाडिदिने कार्य गर्नको लागि मेरो अधिकृत वारेस मुकरर गरेकोमा निज अधिकृत वारेस आफ्नो घरायसी कारणले मेरो जग्गाहरु बिक्री गर्न नभ्याउने भनी मलाई जानकारी दिएकोले उक्त अधिकृत वारेसनामा बदर गरिएको सूचना प्रकाशित गरीपाउँ भनी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(१)(ग) बमोजिम प्रस्तुत निवेदन गर्न उपस्थित भएको छु । श्री सुनसरी जिल्ला अदालतबाट मिति २०७४।७।२८ मा प्रमाणित गरिएको अधिकृत वारेसनामा वदर गरिएको विषयको सूचना प्रकाशित गरीपाउँ । म निवेदकको परिचय खुल्ने कागज, अधिकृत वारेसनामाको नक्कल र सूचनाको व्यहोरा यसै निवेदनसाथ संलग्न गरेको छु ।

**निवेदक**
**जि. सुनसरी धरान उ.म.न.पा. वडा नं. ८ बस्ने भगवती लिम्बु**



## मेगा बैंक नेपाल लिमिटेडको तपशिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०७९/०८/१८)

तपशिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको **क्रेडिट कार्ड** कर्जा सुविधाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नभएको र ऋणीहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जा साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जा चुक्ता भुक्तानी गर्नुहुन यो **३५ (पैतिस) दिने सार्वजनिक सूचना** प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचितगरिन्छ ।

**तपसिल**

| ऋणीहरुको विवरण | ऋणीहरुको फोटो | ऋणीहरुको विवरण | ऋणीहरुको फोटो |
|---|---|---|---|
| **१) ऋणी : आभास प्रधान** (ना.प्र.नं.१६५७९, मिति २०५१/१०/०५ मा जि.प्र.का. मोरङबाट जारी भएको) ठेगाना : पोखरीया ०१, मोरङ बाबु : श्याम सुन्दर प्रधान बाजे : हरि शंकर प्रधान |  आभास प्रधान | **२) ऋणी : राकेश कुमार पाठक** (ना.प्र.नं १३५, मिति २०५६/०४/२४ मा जि.प्र.का. रौतहटबाट जारी भएको) ठेगाना : साखुहावाधमौरा ०७, रौतहट बाबु : बिमल चन्द्र पाठक बाजे : जय शंकर पाठक |  राकेश कुमार पाठक |

**मेगा बैंक नेपाल लिमिटेड**, राइजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९
फोन नं.: ९७७-१-४१६९२५०/५१/५३/५४, फ्याक्स नं.: ९७७-१-४१६९२१५ वेबसाइट: www.megabanknepal.com


## राष्ट्रिय पार्टी...

पृष्ठ १ बाट जारी

देखिएको छ । अहिलेकै अनुपातमा पाउने मतबाट उसले राष्ट्रिय पार्टी बन्न पाउने छैन । कूल मत गनिसक्दा थ्रेस होल्ड कटाउनका लागि करिब तीन लाख २० हजारको हाराहारीमा मत पुऱ्याउनुपर्ने देखिन्छ । त्यसअनुसार एकीकृत समाजवादीलाई अझै करिब २५ हजार मत आवश्यक पर्छ । उक्त मत पाउने सम्भावना क्षिण बन्दै गएको छ । यद्यपि बाजुरा, दोलखा र स्याङ्जा-२ को मत परिणाम अझै आइनसकेका कारण एकीकृत समाजवादीले अझै आशा मारिसकेको छैन ।

एकीकृत समाजवादी राष्ट्रिय पार्टी बन्न संघर्ष गरिरहँदा सातवटा दल राष्ट्रिय पार्टी बन्ने निश्चित भइसकेको छ । पुराना दलहरू नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीसँगै दुई नयाँ पार्टी राष्ट्रिया स्वतन्त्र पार्टी र जनमत पार्टी राष्ट्रिय पार्टी बन्ने पक्का भएको हो ।

समानुपातिकतर्फ धेरै मत पाएर नेकपा एमाले सबैभन्दा ठूलो दल बनेको छ । एमालेले २७ लाख ८८ हजार ३५६ मत पाएको छ । प्रत्यक्षमा सबैभन्दा धेरै सिट जितेको नेपाली कांग्रेसले समानुपातिकमा २६ लाख ६० हजार २४६ मत प्राप्त गरेर दोस्रो स्थानमा छ । यस्तै नेकपा माओवादी केन्द्र ११ लाख ६२ हजार १२४ मतका साथ तेस्रो स्थानमा छ ।

चौथो स्थानमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ११ लाख २४ हजार ५४३ मत पाउन सफल भएको छ । यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले पाँचौं स्थान ओगटेको छ । उसले पाँच लाख ८६ हजार ६३८ मत पाएको छ । जनता समाजवादी पार्टीले चार लाख २० हजार ९४६ तथा जनमत पार्टीले तीन लाख ९४ हजार ५२३ मत पाएर राष्ट्रिय पार्टी बनेका छन् ।

थ्रेसहोल्ड कटाउन प्रयत्न गरेको नागरिक उन्मुक्ति पार्टीले पनि दुई लाख ७१ हजार ६६१ मत ल्याएर एकीकृत समाजवादीलाई पछ्याइरहेको छ । यस्तै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले एक लाख ६७ हजार २८१ मत प्राप्त गरेको छ । उल्लिखित दलबाहेक अन्य कुनै पनि पार्टीले एक लाख मत कटाउन सकेका छैनन् ।

राजनीतिक दलसम्बन्धी ऐनमा व्यवस्था भएअनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फ एक सिट र समानुपातिक निर्वाचनमा खसेको सदर मतको कम्तीमा तीन प्रतिशत मत प्राप्त गर्ने दलले मात्रै राष्ट्रिय दलको मान्यता प्राप्त गर्नेछ ।

## 'धरमर'मा...

पृष्ठ १ बाट जारी

शुक्रबार भनेका थिए, 'विगतमा तीता मिठा जे-जे भए, बिर्सौं । नयाँ शिराबाट अघि बढौं । वामपन्थी दलहरू एमाले, माओवादी, एकीकृत समाजवादी मिल्न जरुरी छ ।'

नेम्वाङले यस्तो अभिव्यक्ति दिएको भोलिपल्ट शनिबार चुनावी समीक्षा गर्न बसेको माओवादी पदाधिकारी बैठकले गठबन्धनको विकल्प खोज्नेगरी निर्णय गरेको हो ।

# प्रभाव दैनिक





## खिलशर्म-राजीवलोचन जोशी पुरस्कार फुयाँललाई

यस वर्षको खिलशर्म-राजीवलोचन जोशी स्मृति  पुरस्कार वरिष्ठ साहित्यकार श्रीहरि फुयाँललाई प्रदान गरिएको छ। खिलशर्म-राजीवलोचन जोशी प्रतिष्ठानद्वारा राजीवलोचन जोशीको ९४औं स्मृति दिवसका अवसरमा शनिबार आयोजित कार्यक्रममा उनलाई रू २० हजार राशिको उक्त पुरस्कारबाट सम्मान गरिएको हो। नेपाली साहित्यको विविध क्षेत्रमा पाँच दशकभन्दा बढी समयदेखि निरन्तर सेवा गरेको भन्दै प्रतिष्ठानले साहित्यकार फुयाँललाई सम्मानित गरेको हो।





आइतबार, १८ मंसिर २०७९ (Sunday, December 4, 2022)


# डा. पाण्डेयको 'कुण्डलीप्रकाश' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठका सह प्राध्यापक डा. माधवप्रसाद पाण्डेयद्वारा लिखित पुस्तक 'कुण्डलीप्रकाश' सार्वजनिक गरिएको छ।

वाल्मीकि विद्यापीठ ज्योतिष विभागले आयोजना गरेको कार्यक्रममा चिना निर्माणसँग सम्बन्धित विषयवस्तु समेटिएको तीन सय २० पृष्ठको पुस्तक सार्वजनिक गरिएको हो। पुस्तक शास्त्री (स्नातक) तहका विद्यार्थीका लागिसमेत उपयोगी रहेको उक्त अवसरमा जानकारी गराइएको छ।

पुस्तक विमोचन गर्दै नेपाल प्रज्ञा-प्रतिष्ठानका निमित्त कुलपति डा जगमान गुरुङले विश्वविद्यालय, विद्यापीठले गर्नुपर्ने पुस्तक प्रकाशनको काम गरेर पाण्डेयले पूर्वीय दर्शनका लागि महत्वपूर्ण योगदान गर्नुभएको बताउनुभयो। ज्योतिष विषयमा अध्ययन, अनुसन्धान गरेर पुस्तक लेख्नेक्रम बढाउनुपर्नेमा पनि उनले जोड दिएका थिए।

कार्यक्रममा विद्यापीठका पूर्वप्राध्यापकसमेत रहेका नेपाल पञ्चांग निर्णायक विकास समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारी, पूर्वप्राध्यापकद्वय प्रा.डा. ऋषिराम पौडेल र प्रा रामप्रसाद अधिकारीलाई लामो समय ज्योतिष शिक्षणमा योगदान दिएको भन्दै सम्मानितसमेत गरिएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै सम्मानित व्यक्तित्वत्रय अधिकारी, पौडेल र अधिकारी, लेखक पाण्डेय, ज्योतिष विभागका प्रमुख धनेश्वर नेपाल, सहप्राध्यापक मुरलीधर दाहाल, सहायक प्राध्यापक अमरराज ढकाललगायतले ज्योतिष विषयमा नेपाली लेखकले लेखेका पछिल्ला पुस्तक कम भइरहेका बेला सार्वजनिक भएको 'कुण्डलीप्रकाश' ले यसका विद्यार्थी, अध्यापक र जिज्ञासुका लागि सहयोग पुग्नेमा जोड दिएका थिए।

ज्योतिष विद्या प्रालीले प्रकाशन गरेको पुस्तकको मूल्य रु चार सय ५९ तोकिएको छ। फलित ज्योतिष विषयमा विद्यावारिधि गर्ने डा. पाण्डेय नेपालकै विद्वान हुन्। विभिन्न पत्रपत्रिकामा ज्योतिष विषयमा लेखरचना पनि लेख्ने पाण्डेयका यसअघि 'व्यावहारिक ज्योतिष, २०५९', 'बेलापञ्चांग, २०६०', 'बृहज्जातकम्, २०६१' पुस्तक प्रकाशन भइसकेका छन्।

# छैटौं सातामा 'महापुरूष'

■ प्रभाव संवाददाता




**काठमाडौं–** चलचित्र 'महापुरूष' प्रदर्शनको छैठौं सातामा प्रवेश गरेको छ। नेपालसँगै अमेरिका, अष्ट्रेलिया, युरोपमा प्रदर्शन भइरहेको यो चलचित्र १ डिसेम्बरदेखि मध्यपूर्वी देशहरू कतार, ओमान, बहराइन र युएईमा समेत प्रदर्शन भइरहेको छ।

अमेरिकाको डलासबाट सुरू भएको प्रदर्शन '५१औं' दिनतर्फ लम्किरहेको छ। नेपालका हलमा प्रदर्शन भएर मात्रै पनि १० करोड रूपैयाँ 'ग्रस कलेक्सन' गरिसकेको छ।


स-परिवार नै फिल्म हेर्न हलसम आउने हुँदा यसको दर्शक बढीरहेका छन्। फिल्मले परिवारलाई जोड्ने काम समेत गरिरहेको लेखक तथा निर्देशक प्रदीप भट्टराईले बताए। 'हाम्रो फिल्म हेर्न परिवार जम्मा भएर आइरहनु भएको छ। फिल्म हेर्ने बहानामा उहाँहरूको घुमघाम समेत भइरहेको छ', निर्देशक भट्टराईले भने,' फिल्मले स्वदेशसँगै विदेशबाट पाइरहेको माया र प्रतिक्रियालाई धन्यवाद भन्ने शब्द नै हामीसँग छैन। समाजमा गाडिएको गम्भीर विषयलाई पर्दासम्म ल्याउन यसले हामीलाई थप बल मिलेको छ।'

छैठौं सातामा फिल्मले मल्टिप्लेक्स चेन क्युएफएक्सले मात्रै देशभरका आउटलेटमा ११ शो पाएको छ। क्युएफएक्सअन्तर्गत भक्तपुरमा रहेको क्युएफएक्समा २ शो, लबिम मलमा २ शो, सिभिल मलमा २ शो, ठमेलमा रहेको छायाँ सेन्टरमा १ शो दिएको छ। क्युएफएक्सकै मोफसलअन्तर्गत नेपालगन्जमा १ शो, नारायणघाटमा रहेको जलमामा २ शो, विर्तामोडमा १ शो दिएको छ।

काठमाडौंमा रहेको मल्टिप्लेक्सहरूमा कमलपोखरीस्थित सिटी सेन्टरमा रहेको बिग मुभिजमा १ शो, जमलमा रहेको विश्वज्योति सिनेप्लेक्समा १ शो, गोंगबुमा रहेको बिएसआर मुभिजमा २ शो, किर्तिपुर सिनेप्लेक्समा १ शो, न्युरोडमा रहेको रन्जना सिनेप्लेक्समा ३ शो, सुन्धारा स्थित सिटिसी मलमा रहेको सिने डी सेफमा २ शो र चाबहिलमा रहेको केएलटावरमा अवस्थित एफक्युबमा ३ शो रहेको छ। बानेश्वरमा रहेको वान सिनेमाजमा १ शो र कालिमाटीमा २ शो दिएको छ।

यस्तै, आइएनआइ सिनेमाज अन्तर्गत लोत्से मलमा २ शो र बुटवलमा रहेको आइएनआइमा २ शो दिएको छ। पाँचौ सातामा शोहरू यथावत रहनुले दर्शकको आकर्षण कम नभएको स्पष्ट हुन्छ।

# 'गुञ्जन'को पहिलो गीत 'सास चल्छ' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी पुस २९ गतेबाट प्रदर्शनमा आउने फिल्म हो 'गुञ्जन'। प्रदर्शन मिति नजिकिदै गर्दा फिल्मको पहिलो गीत 'सास चल्छ' सार्वजनिक भएको छ। प्रविसा अधिकारी र आरिफ रफको स्वर रहेको गीतमा कर्णराज कार्कीले संगीत दिएका छन्।

रोमान्टिक थिममा तयार गीतमा सारा सिर्पाली र प्रितमराज सेन्चुरीको रोमान्स देख्न सकिन्छ। निकै आकर्षक शैलीमा निर्माण भएको गीत दर्शकले रुचाउने अपेक्षा निर्माण युनिटको रहेको छ।

अष्ट महर्जनको निर्देशन रहेको फिल्ममा को निर्देशित फिल्म सारा र प्रितमराजको अलवा सरोज खनाल, हिउँवाला गौतम, कविर खड्का, रोहन शाही, निरुता स्याङतान, कन्चन चालिसे, सुस्मिता बराल, इभा श्रेष्ठ, अमोद भट्ट, आइपी आचार्य, ऋचा शर्मा, अमेश न्यौपाने लगायतका कलाकारको अभिनय रहेको छ। विगत २ दशकदेखि फिल्मको द्वन्द्व निर्देशन गर्दै आएका अष्ट महर्जनको यो निर्देशन डेब्यु फिल्म हो। प्रितमराजले पनि यसै फिल्मबाट अभिनयमा डेब्यु गरेका हुन्।

हिराकृष्ण शाहीको प्रस्तुति र सुनिता शाही निर्माता रहेको फिल्म ए.एच इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको हो। पि:ल्मको केही अगाडि सेन्रि चलचित्र सेन्सर पास समेत भइसकेको छ। 'गुञ्जन' लाई चलचित्र सेन्सर बोर्डले सबैले हेर्ने मिल्ने 'युनिभर्सल प्रमाण पत्र' दिएको छ।

विशुद्ध प्रेमकथामा निर्माण भएको फिल्म काठमाडौं, पोखरा, जोमसोममा र दुबईमा छायांकन भएको हो। फिल्ममा कविराज गहतराजको कोरियोग्राफी, राजेश श्रेष्ठको छायाँकन, विपिन मल्लको सम्पादन, कल्याण सिंह, अर्जु'न पोखरेल र करणराज कार्कीको संगीत छ। फिल्ममा अभिनेत्री नीता ढुंगानाको आकर्षक आइटम डान्स समेत राखिएको छ। फिल्मका वितरक काठमाडौंमा जीजीए ग्रुप र काठमाडौं बाहिर एफडी कम्पनी रहेको छ।



# क्वाटरफाइनल प्रवेशका लागि आज पनि २ खेल हुँदै

**कतार विश्वकप-२०२२**
आजका खेल
**फ्रान्स–पोल्याण्ड**
(राति ८:४५ बजे)
**इंग्ल्याण्ड–सेनेगल**
(राति १२:४५ बजे)

■ प्रभाव संवाददाता

**काठमाडौं–** कतारमा जारी फिफा विश्वकप फुटबलको नकआउट अर्थात् राउण्ड अफ-१६ सुरु भइसकेका छन्। नकआउट चरणको खेलहरू आइतबार (आज) दुई खेल हुँदैछन्

राउण्ड अफ १६ को आइतबारको पहिलो खेल फ्रान्स र पोल्याण्डबीच हुनेछ। उक्त खेल नेपाली समयअनुसार राति ८:४५ बजे हुनेछ भने दोस्रो खेल इंग्ल्याण्ड र सेनेगलबीच हुने भएको छ।

दोस्रो खेल राति पौने १ बजे हुनेछ। यी चारै टोली जितसहित क्वाटरफाइनलमा स्थान बनाउने योजनामा छन्। यसअघि क्वाटरफाइनलका प्रवेशका लागि शनिबार राती नेदरल्यान्ड्स र अमेरिकाका साथै अस्ट्रेलिया र अर्जेन्टिना भिडेका थिए।

# नेत्रहीन टी-२० विश्वकपमा नेपाल



■ प्रभाव संवाददाता

**काठमाडौं–** तेश्रो नेत्रहीन टी- २० क्रिकट विश्व कपमा नेपालले सहभागिता जनाउने भएको छ।

डिसेम्बर ५ देखि १८ तारिखसम्म हुने प्रतियोगिताका लागि १५ खेलाडीसहित २० सदस्यीय नेपाली टोली आइतबार भारत प्रस्थान गर्दै  छ।

टोलीलाई सफलताको शुभकामना दिदै राष्ट्रिय खेलकुद परिषद्की बोर्ड तथा कार्यकारी समितिकी सदस्य नन्दा बस्यालले शनिबार एक कार्यक्रमबीच बिदाइ गरिन्। खेलहरू भारतको दिल्ली र बैगालुरुमा खेलाइने छ।

खिमानन्द गैरेको कप्तानीमा रहेको टोलीका अन्य खेलाडीमा सागर लामा, भरत चौलागाईं, राधेश्याम चौधरी, हेमबहादुर खत्री, टमबहादुर पाल, शान्तबहादुर पहरी, सुनिल राना, प्रेम क्षेत्री, युवराज भण्डारी, खेमराज सापकोटा, सुरेन्द्र तामाङ, नरेश चौधरी, सागर चेपाङ र शंकर रेग्मी रहेका छन्।

टिम प्रशिक्षकमा नहेन्द्र निरौला, व्यवस्थापकमा तुम्रु उप्रेती तथा अफिसियलमा नेत्रहीन क्रिकेट संघ नेपालका अध्यक्ष पवन घिमिरे, महासचिव अमृत बराल र कोषाध्यक्ष उपेन्द्र श्रेष्ठ छन्।

प्रतियोगितामा नेपाल, बंगलादेश, पाकिस्तान, श्रीलंका, भारत, दक्षिण अफ्रिका र अस्ट्रेलिया गरी ७ राष्ट्रले पहिले राउन्ड रोविन लिगका आधारमा प्रतिस्पर्धा गर्ने छन्। लिगमा शीर्ष चार स्थानमा रहने टोली सेमिफाइनलमा पुग्ने छन्। लिगमा नेपालले डिसेम्बर ६ मा भारत, ७ मा बंगलादेश, ९ मा अस्ट्रेलिया, १० मा दक्षिण अफ्रिका, १३ मा श्रीलंका र १४ मा पाकिस्तान विरुद्ध प्रतिस्पर्धा गर्ने छ।

**यू-१९ राष्ट्रिय क्रिकेट**

# लुम्बिनी फाइनलमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** साविक विजेता लुम्बिनी प्रदेश राजधानीमा जारी यू-१९ राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा शनिबार मधेश प्रदेशलाई ५८ रनले पराजित गर्दै लुम्बिनी फाइनल पुगेको हो।

लुम्बिनीले दिएको २ सय २३ को लक्ष्य पछ्याएको मधेश ४५.४ ओभरमा १ सय ६४ रनमा अलआउट भयो। मधेशका लागि मयन यादवले ४५ बलमा ३८ रन बनाए। सरफराज मन्सुरले ३१ रन बनाए। अलि अन्सारीले २२ तथा डब्लु मल्लिकले १८ रन बनाए।

लुम्बिनीका लागि अभिसेक गौतमले ३ र विशाल बिक्रम केसीले समान ३/३ विकेट लिए। तुल बहादुर थापा, दुर्गेश गुप्ता र निर्मल गुरुङले समान १/१ विकेट लिए। त्यसअघि पहिला ब्याटिङ गरेको लुम्बिनीले ५० ओभरमा ९ विकेटको क्षतिमा २ सय २२ रन बनाउन सक्यो। लुम्बिनीका लागि प्रज्वल थापाले सर्वाधिक ८५ रनको अर्धशतकीय इनिङ पूरा गरे। उनले १ सय २८ बलमा ९ चौका र २ छक्कासहित ८५ रनमा आउट भए।

यस्तै आकाश त्रिपाटीले २३ रन, विशाल भुषाल र निर्मल गुरुङ ले समान १३/१३ रन बनाए भने देव खनाल ११ रनमा आउट भए। यस्तै नर सार्की २६ रनमा अविजित रहे। यता मधेसका लागि निकेश गुप्ता ३ विकेट, अभिषेक तिवारी र नितेश यादवले समान २/२ विकेट लिए।

जितसँगै लुम्बिनी लगातार दोस्रो पटक फाइनल पुगेको छ। अब सोमबार हुने फाइनलमा लुम्बिनीले सुदुरपश्चिम प्रदेशको सामना गर्नेछ। प्रतियोगितामा प्रदेश-१, मधेश प्रदेश,बागमती प्रदेश,गण्डकी प्रदेश,लुम्बिनी प्रदेश,कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशको सहभागिता रहेको छ।

प्रतियोगिताको विजेताले २ लाख नगद प्राप्त गर्दा उपविजेताले १ लाख नगद पाउने छन्। यस्तै प्लेयर अफ द सिरिज बन्ने खेलाडीले १५ हजार तथा उत्कृष्ट बलर र ब्याट्सम्यानले १०/१० हजार पाउने छन्।

# आइटिएफ टेनिस : हङ र दुर्गाङसी च्याम्पियन

■ प्रभाव संवाददाता

**पोखरा–** पोखरामा आयोजना भएको अन्तर्राष्ट्रिय टेनिस महासंघ (आइटिएफ) जुनियर-५ टेनिस प्रतियोगिता सर्किट-१ को उपाधि महिलातर्फ भारतकी दुर्गाङ्सी कुमार र पुरुषतर्फ चाइनिज ताइपेइका केहाउ हङ विजयी भएका छन्।

नेपाल टेनिस संघको सहयोग तथा कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरा रंगशालास्थित टेनिस कोर्टमा सञ्चालन भएको प्रतियोगिताको आज सम्पन्न फाइनल खेलमा पुरुष एकलतर्फ ताइपेइकै चेन हुइ होलाई ६-०, ६-१ को सहज सेटमा पराजित गर्दै हङ च्याम्पियन बनेको हो। महिलातर्फ दुर्गाङ्सीले भारतकै श्रीनिधि बालाजीलाई ६-४ र ७-६ को सेटमा पराजित गरे। प्रतियोगिताअन्तर्गत पुरुष डबल्सतर्फ  भारतका सागर कुमार र स्वस्तिक शर्माको जोडीले कोरियाका डोङ योङ युम र मलेसियाका केगन केथ जोनाथन जोडीबाट 'वाकओभर' पाउँदै विजयी भए।



महिला डबल्सतर्फ भारतका श्रीनिधि बालाजी र लक्ष्मीश्री डण्डुको जोडीले प्रथम स्थान हासिल गरे। उनीहरूको जोडीले भारतकै काइरा सिद्धार्थ चेत्नानी र दुर्गाङसी कुमारको जोडीमाथि ६-२, ६-२ को सेटमा सहज जित निकाल्दै विजेता बनेका हुन्। एक सातादेखि सञ्चालन भएको प्रतियोगितामा विभिन्न नौ राष्ट्रका ९८ खेलाडीले सहभागिता जनाएका कास्की जिल्ला टेनिस संघका अध्यक्ष  लोक गुरुङले जानकारी दिए। प्रतियोगितामा विजयी खेलाडीलाई गण्डकी प्रदेशका युवा तथा खेलकुदमन्त्री राजीव गुरुङले मेडल तथा प्रमाणपत्र वितरण गरे। पुरस्कार वितरण समारोहमा गण्डकी प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष ध्वजकुमार गुरुङले टेनिस खेलले गण्डकी प्रदेशकै खेलकुदको सान उँचो पारेको बताए।

यहाँ आयोजना हुने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतियोगिताहरूले खेलसँगै पर्यटन प्रवर्द्धनमा पनि महत्वपूर्ण योगदान पुऱ्याएको उनले बताए। प्रतियोगिताअन्तर्गत आइतबारदेखि सर्किट-२ अन्तर्गतका खेल सञ्चालन हुने आयोजकले जनाएको छ।



**आदिवासी आवाज**

बोगोटास्थित कोलम्बियाली विदेश मामिला मन्त्रालयमा बोल्दै आदिवासी अर्हुआको समुदायका प्रतिनिधिहरू । कोलम्बियाका आदिवासी जनजातिहरू अर्हुआको, कान्कुआमो, कोगुई र सिएरा नेभाडा डे सान्ता मार्टाको विवासँग रहेको पुर्ख्यौली ज्ञानलाई युनेस्कोले नोभेम्बर २९, २०२२ मा मानवताको अमूर्त साँस्कृतिक सम्पदा घोषित गरेको थियो । *तस्बिरः एएफपी*

# मध्यपूर्वमा शान्ति स्थापनाका लागि आह्वान



**रमल्लाह-** प्यालेस्टाइनका प्रधानमन्त्री मोहम्मद इश्तेयले शुक्रबार इजरायलसँगको द्वन्द्व अन्त्य गर्न मध्यपूर्वमा शान्ति स्थापनार्थ पहल गर्न संयुक्त राष्ट्रसंघलाई आह्वान गरेका छन् ।

संयुक्त राष्ट्र संघको पश्चिम एसियाको आर्थिक तथा सामाजिक आयोगले प्यालेस्टिनीसँगको अन्तर्राष्ट्रिय ऐक्यबद्धता दिवसको उपलक्ष्यमा न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा आयोजना गरेको 'भर्चुअल' बैठकमा इष्टायले यस्तो टिप्पणी गरेका हुन् ।

उनले संयुक्त राष्ट्रसंघका सदस्यलाई 'संयुक्त राष्ट्रसंघमा पूर्णसदस्यता प्राप्त गर्न प्यालेस्टाइनको आवेदनलाई समर्थन गर्न, प्यालेस्टाइनमा आम चुनाव गराउन इजरायललाई दबाब दिन र प्यालेस्टाइनी विरुद्ध गरेको अपराधको लागि इजरायललाई जवाफदेही बनाउन' आग्रह गरेका हुन् । प्यालेस्टाइनी सन् १९६७ मा इजरायलले कब्जा गरेको प्यालेस्टिनी भूभागमा इजरायलसँगै एउटा स्वतन्त्र राज्य स्थापना गर्न चाहन्छन् जसमा वेस्ट बैंक र गाजा पट्टी पनि छ । जसको राजधानी पूर्वीजेरुसेलम हो ।

यसैबीच मंगलबार संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले प्यालेस्टिनी जनतासँग एकताको अन्तर्राष्ट्रिय दिवसमा दुई-राज्य समाधानको आवश्यकतालाई पुनःपुष्टि गरेका छन् । 'संयुक्त राष्ट्रसंघको अडान स्पष्ट छ, शान्ति स्थापना हुनपर्छ र यस क्षेत्रमा बल प्रयोगका गतिविधि अन्त्य हुनुपर्छ । दुई राज्य - इजरायल र प्यालेस्टाइन - शान्ति र सुरक्षामा एक साथ अगाडि बढ्ने वातावरण बन्नुपर्छ,' उनले सन्देशमा भनेका छन् । *रासस/सिन्ह्वा*

# अफगानिस्तानस्थित पाकिस्तानी दूतावासमा हमला, जोगिए राजदूत

**काबुल-** अफगानिस्तानका लागि पाकिस्तानी राजदूत ओबैद उर रहमान निजामानी अफगानिस्तानको राजधानी काबुलमा भएको बन्दुक आक्रमणमा जोगिएका छन् । स्थानीय टेलिभिजन च्यानल टोलो न्युजले शुक्रबार जनाएअनुसार पाकिस्तानी दूतावासका एक सुरक्षा गार्ड दूतावासको प्रवेशद्वारमा अज्ञात सशस्त्र व्यक्तिले गोली चलाउँदा घाइते भएका छन् ।

एक प्रत्यक्षदर्शीले नाम नछाप्ने सर्तमा सिन्ह्वालाई बताएअनुसार उनी गोली चल्ने बेला पाकिस्तानी दूतावास नजिकको क्षेत्रमा हिँडडुल गर्दै थिए । यहाँको पर्राष्ट्र मन्त्रालयले पाकिस्तानी दूतावासमा भएको आक्रमणको निन्दा गर्दै घटनाको अनुसन्धान गर्ने बताएको छ । घटना कुन समूहले किन गरेको भन्ने अहिलेसम्म खुल्न सकेको छैन ।



**हमलाको निन्दा**

यसैबीच तालिबानको कामचलाउ सरकारले यहाँस्थित पाकिस्तानी दूतावासमा भएको आतंककारी आक्रमणको निन्दा गर्दै देशमा रहेका कूटनीतिक नियोगहरूलाई सुरक्षा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

'अफगानिस्तानको इस्लामिक इमिरेट्स पाकिस्तानी दूतावासमा भएको असफल आक्रमणको कडा शब्दमा निन्दा गर्दछ, काबुलमा रहेका कूटनीतिक नियोगको सुरक्षामा कुनै कमी हुन दिने छैन,' तालिवान प्रशासनको विदेश मन्त्रालयका प्रवक्ता अब्दुल काहर बल्खीले भनेका छन् । पाकिस्तानी दूतावासमा शुक्रबार अज्ञात बन्दुकधारीले आक्रमण गरेको थियो । आक्रमणमा त्यहाँ खटिएका एक जना सुरक्षाकर्मी घाइते भएका छन् ।

काबुल प्रहरीका प्रवक्ता खालिद जाद्रानले आक्रमणको पुष्टि गर्दै सुरक्षा बलका सदस्य समयमै आक्रमणस्थलमा पुगेका तथा त्यहाँबाट दुई थान बन्दुकका साथ एक जना संदिग्धलाई पक्राउ गरिएको बताएका छन् । हालसम्म कुनै समूह वा व्यक्तिले आक्रमणको जिम्मेवारी लिएको छैन । आक्रमणको अनुसन्धान सुरु गरिएको प्रवक्ताले जनाएका छन् ।

काबुलस्थित कूटनीतिक नियोगमा विगत चार महिनामा भएको यो दोस्रो आक्रमण हो । यसअघि रुसी दूतावासको प्रवेशद्वारमा भएको आत्मघाती बम आक्रमणमा दूतावासका दुई कर्मचारीसहित छ जना मारिएका थिए ।

शुक्रबार पाकिस्तानी दूतावासमा भएको आक्रमणको स्वदेश तथा विदेशमा व्यापक निन्दा भएको छ । संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्का सदस्यलगायत विश्वका विभिन्न मुलुकले आक्रमणको निन्दा गर्दै अफगानिस्तानमा रहेको कूटनीतिक नियोगको सुरक्षा सुनिश्चित गर्न तालिबान प्रशासनसँग आग्रह गरेका छन् । *रासस/सिन्ह्वा*

# कंगोमा 'नरसंहार'मा १०० भन्दा बढीको मृत्यु

**किन्शासा-** कंगोको पूर्वी क्षेत्रमा नागरिकको कथित नरसंहारपछि शनिबारदेखि तीनदिने राष्ट्रिय शोक सुरु भएको छ । गोमा सहरबाट करिब ७० किलोमिटर उत्तरमा रहेको किशीशे गाउँमा एम २३ लडाकू समूहले ५० जनाको हत्या गरेको आरोप गत बिहीबार सरकारले लगाएको थियो ।

एम २३ ले जवाफी हमला गर्दै आरोपहरू 'आधारहीन' भएको र आफ्नो आक्रमण नागरिकहरूप्रति लक्षित गरेको कुरालाई अस्वीकार गरेको छ । सरकारका प्रवक्ता प्याट्रिक मुयायाका अनुसार शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकमा डिआरसीका अध्यक्ष फेलिक्स शिसेकेदीले किशिशेमा १०० भन्दा बढी नागरिकको नरसंहार भएको भन्दै घटनाको कडा शब्दमा निन्दा गरेका छन् ।

शिसेकेदीले तीन दिनको राष्ट्रिय शोक घोषणा गर्न सरकारलाई निर्देशन दिएको र देशभर झण्डा आधा झुकाइने उनले जानकारी दिए । मुयायाले भने, 'शोकको अवधि सोमबार टेलिभिजनमा पीडितहरूको सहयोगका लागि आयोजित चन्दा संकलन कार्यक्रमबाट अन्त्य हुनेछ ।'

उक्त नरसंहारको खबर सार्वजनिक भएदेखि नै स्वतन्त्र छानविनको माग उठ्न थालेको छ । राष्ट्रपतिले न्यायमन्त्रीलाई अविलम्ब आन्तरिक अनुसन्धान सुरु गर्न र यस युद्ध अपराधबारे प्रकाश पार्न अन्तर्राष्ट्रिय अनुसन्धानका लागि काम गर्न आग्रह गरेको मुयायाले बताए ।

वर्षौंदेखि सुषुप्त अवस्थामा रहँदै आएको एम २३ कंगोली तुत्सी विद्रोही समूह हो । उसले गत वर्ष नोभेम्बरमा फेरि हतियार उठाएको थियो र जुनमा युगाण्डासँगको सीमामा रहेको बुनागाना सहर कब्जा गरेको थियो । उक्त समूह केही समयको शान्तिपछि अक्टोबरमा फेरि आक्रमणमा उत्रियो र आफ्नो नियन्त्रणमा रहेको क्षेत्रलाई व्यापकरूपमा विस्तार गर्दै गोमातर्फ अघि बढेको छ ।

किन्शासाले आफ्नो सानो छिमेकी रुवाण्डाले एम २३ लाई सहयोग गरेको आरोप लगाउँदै आएको छ । यो संयुक्त राष्ट्रसंघका विज्ञ र अमेरिकी अधिकारीहरूले पनि हालैका महिनाहरूमा औंल्याएका छन् । किगालीले उक्त आरोप अस्वीकार गर्दै आएको छ । *रासस/एएफपी*

# मलेसियामा मन्त्रिपरिषद् विस्तार

**क्वालालम्पुर-** मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले शुक्रबार आफ्नो मन्त्रिपरिषद् विस्तार गरेका छन् । उनले देशको सबै भागलाई प्रतिनिधित्व गराउने अभिप्रायले दुईजना उपप्रधानमन्त्री नियुक्त गरेका छन् ।

एक टेलिभिजन भाषणमा प्रधानमन्त्री अनवरले अर्थमन्त्रीको जिम्मेवारी भने आफैंले सम्हाल्ने बताएका छन् । उनले सन् १९९१ देखि १९९८ सम्म पनि सो जिम्मेवारी सम्हालेका थिए ।

उनले युनाइटेड मलेस नेसनल अर्गनाइजेसन (युएमएनओ)का अध्यक्ष अहमद जाहिद हमीदी र उत्तरी बोर्नियो राज्य सारावाकका फदिल्लाह युसुफलाई उपप्रधानमन्त्री तोकेका छन् । प्रधानमन्त्री अन्वरले यसअघि उत्तरी बोर्नियो राज्य सबा र सारावाकलाई बढी प्रतिनिधित्व दिने वाचा गरेका थिए ।

अन्य प्रमुख मन्त्रीमा यातायात मन्त्रालयको प्रमुख एन्थोनी लोक सिउ फुक, अन्तर्राष्ट्रिय व्यापार तथा उद्योगमन्त्री टेंकु जाफ्रुल टेंकु अब्दुल अजिज र विदेशमन्त्री जाम्ब्री अब्दुल कादिरलगायतका रहेका छन् । *रासस/सिन्ह्वा*

# लाखौं अमेरिकी डलरका सामान बरामद

**फुझोउ-** पूर्वी चीनको फुजियान प्रान्तका तटरक्षक अधिकारीले करिब ३६ मिलियन युआन (करिब ५१ मिलियन अमेरिकी डलर) मूल्य बराबरको करिब ६०० टन तस्करी गरिएका सामान बरामद गरेको छ ।

नोभेम्बरको सुरुमा तटरक्षक अधिकारीले सामानको तस्करी हुनलागेको गोप्य जानकारी पाएपछि फुजियानको राजधानी फुझाउको तटमा दुईवटा जहाज माथि निगरानी बढाएको थियो ।

निगरानीपछि सो अवैध कारोबारमा संलग्न १४ संदिग्ध व्यक्तिलाई पक्राउ गरी अनुसन्धान अगाडि बढाएको छ । *रासस/सिन्ह्व*


**हेमोफिलिया सोसाईटी नेपाल प्रदेश नं.१ प्रदेश कार्यालय, विराटनगर**

**एन्टीहेमोफिलिक फ्याक्टर खरिद सम्बन्धि बोलपत्र आह्वान सम्बन्धि सूचना**

**पहिलो पटक प्रकाशन मितिः २०७९/०८/१८**

प्रदेश न. १ मा रहेका हेमोफिलिया भएका व्यक्तिहरुको लागि जिवन रक्षाको लागि अत्यावस्यक औसधि (Anti– Hemophilic Factor VIII & IX) खरिद गर्नं पर्ने भएको हुनाले सो फ्याक्टर आपूर्ति गर्नको लागि मूल्य अभिवृद्दी करमा दर्ता भएका र औषधि व्यवस्था विभाग वाट उत्त औसधि आपूर्ति गर्न इजाजत प्राप्त योग्यता पुगेका फम वा कम्पनि बाट PPMO को वेवसाइटमा प्रकाशन भएको मितिको ३१ औं दिन को दिउसो १२ बजे बजे भित्र हुने गरि उल्लेखित सर्तहरुको अधिनमा र ही वोलपत्र आह्वान गरिएको छ। शिलवन्दि वोलपत्रमा विस्तृत सुचना सर्व थाहा पाउन र बोलपत्रको लागि विवरणहरु भर्ना PPMO को EGP Portal bolpatra.gov.np वाट गर्न सक्नु हुनेछ थप जानकारीको लागी ९८४२६६१७५४ मा सम्पर्क गर्न सकिने छ ।



**काठ बिक्री लिलाम सम्बन्धी १५ दिने सूचना**

दोस्रो पटक प्रकाशित २०७९/८/१८ गते

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.ब.२०७८/२०७९ मा संकलन गरी समूहको घाटगद्दीमा भएको गोलिया काठ/दाउरा यस समूहका उपभोक्ता सदस्यहरुमा खपत नभई छिमेकी समूहका उपभोक्ताहरुलाई आन्तरिक खपत भई बाँकी रहेको काठको लागि यस समूहबाट सूचना प्रकाशित गर्दा समेत कोहि कसैको निवेदन पर्न नआएको हुँदा समूहको घाटगद्दीमा मौज्दात रहेको अस्ना, साल, हल्दु, सिसौ, खयर, अन्य गरी विभिन्न ग्रेडको ६६५ थानको ४७३१.५७ क्युफिट काठ र साल दाउरा १ चट्टा, मिश्रित दाउरा २ चट्टा शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकाले मूल्य अभिवृद्धि करमा दर्ता भई वन पैदावर सम्बन्धी कारोबार गर्ने काष्ठ व्यवसायी व्यक्ति/फर्म वा कम्पनी/ उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस सा.ब.उ.स कार्यालयबाट बोलपत्र खरीद गरी शिलबन्दीको बोलपत्र १६ औं दिन ३:०० बजेभित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स.को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री भगतपुर सामुदायिक वन उपभोक्ता समूह**
घोडाघोडी न.पा. वडा नं. ९, कैलाली



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी - गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं. 9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एन्ड बी. कम्युनिकेशन एन्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९९१०० | प्रति तोला - ९८६०० | प्रति तोला - १३४५ |



**बजार लैजाने तयारीमा काँक्रो** | नवलपुर (बर्दघाट सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिका-१ जुकेपानीमा उत्पादन गरिएको काँक्रो बिक्रीका लागि काठमाडौं पठाउनका लागि तयारी गर्दै किसान। यो क्षेत्र जिल्लाकै नमूना कृषि गाउँका रूपमा परिचित रहेको छ। *तस्बिरः विष्णुप्रसाद गौडेल/रासस*

# ‘नेपालमा ८ अर्ब रेमिटचान्स भित्रिने’

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा सन् २०२२ मा रेमिटचान्स आप्रवाह तीन दशमलव छ प्रतिशतले बढेर साढे आठ अर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ। विश्व बैंकले सार्वजनिक गरेको ‘माइग्रेसन एन्ड डेभलपमेन्ट ब्रिफ’ रिपोर्टअनुसार गत वर्षको तुलनामा यस वर्ष रेमिटचान्स बढ्ने देखिएको हो। सन् २०२१ मा नेपालले आठ अर्ब २० करोड अमेरिकी डलर बराबर रेमिटचान्स भित्र्याएको थियो।




नेपालले रेमिटचान्समार्फत आउने रकम मुद्दति निक्षेपमा राख्दा अतिरिक्त ब्याज दिने व्यवस्था गरेको, दैनिकरूपमा पठाउन सकिने रकमको सीमा बढाएको र विदेशी मुद्रा बचत खाता खोल्न सकिने व्यवस्था लागू गरेपछि त्यसको सकारात्मक प्रभाव देखिएको पनि रिपोर्टमा उल्लेख छ। कूल गार्हस्थ उत्पादन (जिडिपी) आकारको तुलनामा बढी रेमिटचान्स भित्र्याउने मुलुकमा नेपाल अग्रस्थानमा छ। नेपालले सन् २०२२ मा कूल जिडिपीको २२ प्रतिशत बराबर रेमिटचान्स आर्जन गर्ने अनुमान विश्व बैंकको छ।

सन् २०२२ मा विश्वव्यापी रेमिटचान्स प्रवाहको वृद्धिदर चार दशमलव नौ प्रतिशत हुने अपेक्षा विश्व बैंकको छ। गत वर्ष अर्थात् सन् २०२१ मा विश्वभर पछिल्लो एक दशकयताकै उच्च रेमिटचान्स परिचालन भएको थियो। सन् २०२० को तुलनामा सन् २०२१ मा १० दशमलव दुई प्रतिशतले रेमिटचान्स प्रवाह बढेको विश्वबैंकको रिपोर्टमा उल्लेख छ। कोभिड महामारी, रुस-युक्रेन युद्ध, विश्वभर देखिएको मूल्यवृद्धिलगायत समस्याको असर आप्रवासी कामदार र रेमिटचान्समा पनि देखिएको रिपोर्टमा उल्लेख छ।

सन् २०२२ मा दक्षिण एशिया क्षेत्रको रेमिटचान्स प्राप्ति तीन दशमलव पाँच प्रतिशतले बढ्ने अनुमान गरिएको छ। त्यो गत वर्षभन्दा न्यून हो। गत वर्ष अर्थात् सन् २०२१ मा यो क्षेत्रको रेमिटचान्स आप्रवाह वृद्धिदर छ दशमलव सात प्रतिशत बराबर थियो। सन् २०२३ मा भने विश्व रेमिटचान्स वृद्धिदर दुई प्रतिशतमा खुम्चिनेछ। आगामी वर्ष दक्षिण एशियाको रेमिटचान्स वृद्धिदर शून्य दशमलव सात प्रतिशतमा खुम्चनेछ।

यस वर्ष दक्षिण एशियामा मात्रै एक खर्ब ६३ अर्ब अमेरिकी डलर बराबर रेमिटचान्स आउने अनुमान विश्व बैंकको छ। जनसंख्याको अनुपातमा आप्रवासी कामदार पठाउने दक्षिण एशियाली मुलुकमा नेपाल तेस्रो स्थानमा छ। अफगानिस्थानले आफ्नो जनसंख्याको १३ दशमलव पाँच, श्रीलंकाले आठ दशमलव आठ र नेपालले आठ प्रतिशत आप्रवासी कामदार पठाएको छ।

त्यस्तै भूटानमा छ दशमलव पाँच, बंगलादेशमा चार दशमलव आठ, पाकिस्तानमा तीन र भारतमा एक दशमलव तीन प्रतिशत जनसंख्या आप्रवासी कामदारका रूपमा रहेका छन्। निम्न र मध्यम आय भएका मुलुकमध्ये सबैभन्दा बढी रेमिटचान्स यस वर्ष भारतले भित्र्याउने अनुमान गरिएको छ। भारतले यस वर्ष एक खर्ब अमेरिकी डलर बराबर रेमिटचान्स भित्र्याउने विश्व बैंकको अनुमान छ।

त्यस्तै मेक्सिकोले ६० अर्ब डलर, चीनले ५१ अर्ब डलर, फिलिपिन्सले २८ अर्ब डलर, अरब रिपब्लिकले ३२ अर्ब डलर, पाकिस्तानले २९ अर्ब डलर, बंगलादेशले २१ अर्ब डलर र नाइजेरियाले २१ अर्ब डलर रेमिटचान्स भित्र्याउने अनुमान गरिएको छ।

# निगमले घटाएन पेट्रोलियमको मूल्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतबाट पेट्रोलियम पदार्थको मूल्य घटेर आए पनि नेपाल आयल निगमले मूल्य नघटाउने जनाएको छ। निगम हाल रु २७ अर्ब घाटामा रहेकाले मूल्य समायोजन नगर्ने भएको हो।

निगमले शुक्रबार एक विज्ञप्ति जारी गर्दै अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पेट्रोलियम पदार्थको मूल्यमा आएको उतारचढावले विगत लामो समयदेखि नोक्सानीमा सञ्चालन हुँदै आएको उल्लेख गरेको छ। इन्डियन आयल कर्पोरेशन लिमिटेडबाट यही १५ मङ्सिरमा प्राप्त खरिद मूल्यअनुसार एलपी ग्यासको मूल्य केही बढेको छ भने पेट्रोल, डिजेल, हवाई इन्धन र मट्टितेलमा केही घटेर आएको छ।




‘मङ्सिर १५ गते पाएको खरिद मूल्यसूचीबमोजिम एलपी ग्यासमा प्रतिसिलिण्डर रु ४३.९३ ले बढेर आएको छ। एलपी ग्यासमा निगमलाई हाल प्रतिसिलिन्डर रु दुई सय ७७.०२ घाटा भइरहेको छ’, विज्ञप्तिमा भनिएको छ, ‘निगमले इन्डियन आयल कर्पोरेशनलाई हालसम्म तिर्न बाँकी रकम, पुरानो बक्यौता तथा नेपाल सरकारलाई तिर्नुपर्ने ऋणसमेत गरी करिब रु २७ अर्ब तिर्न बाँकी छ।’

ग्यास सिलिन्डर बिक्रीबाट मात्र निगमलाई १५ दिनमा रु ३६ करोड ८५ लाख घाटा हुने देखिएको निगमले जनाएको छ। यद्यपि पेट्रोल, डिजेल, हवाई इन्धन र मट्टितेलमा मूल्य घट्दा पनि यथावत् राख्दा १५ दिनमा करिब रु ५८ करोड नाफा हुने निगमले जनाएको छ।

‘हाल अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पदार्थको मूल्य पुनःघटबढ हुने क्रममा रहेको अवस्थामा पेट्रोलियम पदार्थको आपूर्ति सञ्चालन राख्न र इन्डियन आयल कर्पोरेशन लिमिटेडको बक्यौता एवं सरकारलाई उपलब्ध गराइएको ऋणको व्यवस्थापन गर्न निगमलाई चुनौती रहेकाले हाललाई पेट्रोलियम पदार्थको खुद्रा मूल्य यथावत राखिएको छ’, विज्ञप्तिमा भनिएको छ।

## हस्तकला व्यापार मेला मंसिर २३ देखि

**काठमाडौं (प्रस)–** नेपाल हस्तकला महासंघले यही मङ्सिर २३ देखि २७ गतेसम्म १९ औं हस्तकला व्यापार मेला काठमाडौंमा गर्ने भएको छ। हस्तकला क्षेत्रको विकास तथा व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले मेला गर्न लागिएको हो।

काठमाडौं उपत्यकालगायत विभिन्न १७ जिल्लाबाट व्यवसायी तथा कालीगढको मेलामा सहभागिता हुने जनाइएको छ। धातुकला, मूर्तिकला, वास्तुकला, काष्ठकलाबाट निर्मित विभिन्न वस्तुको प्रदर्शनीका साथै हस्तकलासम्बन्धी प्रतियोगितासमेत गराइने मेलामा उत्कृष्ट प्रतियोगी छनोट तथा पुरस्कृत गरिने संयोजक डिल्लीरत्न तुलाधरले जानकारी दिए। प्रविधिको विकाससँगै नेपाली मौलिक तथा परम्परागत कला लोपोन्मुख बन्दै गएको अहिलेको अवस्थामा ती कला, संस्कृतिको संरक्षण गर्न देशभर दक्ष जनशक्ति उत्पादन गर्नुपर्ने उनले बताए।

हस्तकलाकाका विभिन्न वस्तु तथा गरगहनालगायत सामग्रीको माग विदेशमा बढेकाले परराष्ट्र मन्त्रालयमार्फत विदेशी दूतावास तथा नियोगमा पत्राचार गरी कूटनीतिज्ञलाई मेलामा सहभागी हुन आमन्त्रण गरिने आयोजकले जनाएको छ।

काठमाडौंका विभिन्न ठाउँबाट प्रदर्शनीस्थल बौद्धस्थित ह्यात होटलसम्म निःशुल्क साझा बस सञ्चालनका लागि गृहकार्य भइरहेको जनाइएको छ। मेलामा करिब एक सय ५० बिक्री कक्ष रहने जनाइएको छ।

# मुसीकोटका किवी वाइन कम्पनीमा

■ प्रभाव संवाददाता

**रुकुम–** रुकुम पश्चिमको आठविसकोट नगरपालिका-१० का गणेश शाही वार्षिक २५ क्विन्टल किवी उत्पादन गर्छन्। आफ्नो ठाउँमा किवीको राम्रो उत्पादन हुने सम्भावना देखेपछि उनले अन्य खेतीपाती गर्ने जग्गामा किवीको बिरुवा लगाएका हुन्। बिरुवा लगाइएको करिब दुई वर्षमै बारीमा किवी फल्न थालेपछि शाही निकै खुसी भएका छन्।



किवी फले पनि जिल्लामै थोरै मात्रामा बिक्री भएकाले ठूलो मात्रामा फलेको किवी बजारसम्म पुऱ्याउन उनलाई निकै गाह्रो भयो। घरबाट डोकोमा बोकेर करिब दुई किलोमिटर हिँडेपछि मात्र सडक भेटिन्थ्यो। सडकमा किवी पुऱ्याए पनि गाडीले किवी बोक्न नमान्दा शाहीलाई किवी बिक्री गर्न निकै समस्या भयो।

उनी मात्रै होइन, उक्त नगरपालिकामा किवी खेती गरेका किसानलाई बिक्री गर्न धेरै समस्या भयो। किवीले बजार पाउन छाडे पनि नगरपालिकामा रहेको एउटा वाइन उद्योगले खरिद गर्ने भएको छ। नगरपालिकाका किसानले उत्पादन गरेको किवी कर्णाली वेभरेज प्रालिले खरिद गर्ने भएको हो। आठबीसकोट नगरपालिका-१२ झिनचौरमा रहेको उक्त प्रालि र किसानको सहमतिअनुसार फलाएको किवी प्रतिकिलो रु एक सय २५ मा खरिद हुने नगर प्रमुख रवि केसी जानकारी दिन्छन्।

उनका अनुसार यस नगरपालिकाको वडा नम्बर १, २, ३, १०, ११ र १२ मा एक सय ४२ क्विन्टल किवी उत्पादन भएको छ। छ वटा वडामा गरेर अहिले नगरपालिकामा ४७ जना व्यावसायिक किवी उत्पादक किसान छन्। पहिलो स्थानीय सरकारले किवी खेतीलाई जोड दिएपछि नगरपालिकामा किवी खेती गर्ने किसानको संख्या धेरै पुगेको छ। सरकारले किसानलाई अनुदानमा ठूलो मात्रामा किवीको बिरुवा विरतरण गरेको थियो भने किसान आफैँले किनेर पनि बिरुवा लगाएका थिए। नगरपालिकामा गत वर्ष मात्र दुई हजार एक सय वटा किवीका बिरुवा रोपिएका थिए। अहिले नगर भरमा करिब एक हजार पाँच सय किवीका बोटले उत्पादन दिइरहेको नगरपालिकाको अनुमान छ।

ती बोटबाट करिब एक सय ४२ क्विन्टल किवी उत्पादन हुने अनुमानसहित नगरपालिकाको रोहवरमा उक्त प्रालि र किसानबीचमा सहमति भएको हो। त्यस्तै नगरपालिकाले ढुवानीका लागि अनुदान पनि दिने भएको छ।

किसानको बारीबाट वडा नम्बर १२ मा रहेको कम्पनीसम्म किवी पुऱ्याउन लाग्ने भाडा नगरपालिकाले तिरिदिने नगर प्रमुख केसी बताउँछन्।

अहिलेसम्म किसानले आ-आफैँ किवी बिक्री गरिरहेकामा पहिलोपटक नगरभरको किवी एकमुस्ट बिक्री हुन लागेको हो। नगरमै किवी खपत हुने र ढुवानीमा अनुदान पाइने भएपछि कृषक खुसी भएका छन्। कर्णाली वेभरेजले वाइन तथा विभिन्न जुस उत्पादन गरिरहेको छ।

अपांगता भएका महिलाविरुद्ध हुने हिंसाका अन्त्यका लागि साझेदारी, न्यायमा पहुँचका लागि एकताबद्ध खबरदारी

- अपांगता भएका व्यक्तिको सशक्तिकरणको लागि आधुनिक प्रविधिको प्रवर्द्धन गरौं,
- सार्वजनिक विद्युतीय सूचना प्रणाली प्रणालीलाई पहुँचयुक्त बनाऔं।
- अपांगता भएका महिलाहरूको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चि गरौं।
- सबै अपांगता भएका व्यक्तिहरूको मानवअधिकार सुनिश्चित गरौं।

३१ औं अन्तर्राष्ट्रिय अपांगता दिवस सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ